# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमी

नेपाल एक विविधतायुक्त राष्ट्र हो । यहाँका विभिन्न ठाउँका मानिसहरुको आवश्यकता र चाहना फरक-फरक छन् । त्यसैले केन्द्रमा निर्माण गरिएको पाठ्यक्रमको सबै अंश सबै क्षेत्रमा हुवहु लागु गर्न नसकिने हुन्छ । जस्तै काठमाडौं उपत्यकाका विद्यार्थीका लागि यहाँका धार्मिक, सांस्कृतिक र पुरातात्विक महत्वका स्थलहरुका बारेमा जानकारी र सूचना प्रविधि सम्बन्धी शिक्षा आवश्यक हुन सक्छ भने जुम्लाका लागि तरकारी तथा फलफूल खेती र यसको व्यवस्थापन विषयमा आधारभूत कुराहरु आवश्यक हुन सक्छन् । विविधतायुक्त राष्ट्रको सबै क्षेत्र, वर्ण, लिंग, भाषा, धर्म सम्प्रदायका भावना आवश्यकता र विशेषतालाई समेट्ने गरी त्यसको अंश स्थानीय स्तरमा नै निर्माण र कार्यान्वयन गर्ने प्रचलनको फलस्वरुप स्थानीय पाठ्यक्रमको जन्म भएको हो ।

नेपाली सन्दर्भको कुरा गर्दा राष्ट्रिय शिक्षा पद्वती योजना (२०२८-३२) लागु हुनुभन्दा अगाडि विद्यालय सञ्चालनमा स्थानीय सरोकारवाला र समुदायको सक्रिय सहभागिता रहेपनि पाठ्यक्रममा स्थानीयकरणको अवधारणको विकास भएको थिएन । जब रराष्ट्रिय शिक्षा पद्वती योजना  लागु भयो तब शैक्षिक नीति निर्माणमा पूर्ण रुपले केन्द्रिकृत परिपाटी लागु गरिएको थियो । राष्ट्रिय राजनीति नै  केन्द्रीय प्रणालीमा आधारित भएकाले सोही अनुरुप एकै किसिमको पाठ्यक्रम तर्जुमा गरिएको थियो । फलस्वरुप अल्पसंख्यक जनजाति, भाषभाषी, धर्म, सँस्कृति सम्बन्धी विषयवस्तुलाई खासै स्थान दिइएन । वि.सं. २०४६ सालको राजनैतिक परिवर्तन पछि शिक्षामा विकेन्द्रीकरणको नीति अघि सारियो । जसले गर्दा विविध जाति, भाषा, धर्म संस्कृतिसँग सम्बद्ध व्यक्तिले पनि आ आफ्नो प्रतिनिधित्व र पहिचानको आवाज उठाउन थाले । यस सँगसँगै पाठ्यक्रममा स्थनीयकरणको आवश्यकता महसुस गरियो । राष्ट्रले प्राथमिक तहमा मातृभाषामा शिक्षा  प्रदान गर्न सकिने नीति अघि सा¥यो । पाठ्यक्रमको स्थानीयकरण भनेको पाठ्यक्रम निर्माणमा स्थानीय सरोकारवालाहरुको स्वामित्व र अपनत्व स्थापित गरी प्रभावकारी र दिगो शैक्षिक विकास गर्नु हो । स्थानीय परिवेश, मौलिक ज्ञान तथा सीपहरु समाविष्ट पाठ्यक्रमले पढ्ने, पढाउने कार्यलाई रोचक मात्र तुल्याउँदैनन् अपितु पढाइलाई पनि सार्थकता प्रदान गर्दछन् ।

स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४ अनुसार स्थानीय स्तरमा सरोकारवालाहरुको सहभागितामा स्थानीय आवश्यकता अनुसार स्थानीय विषयवस्तुहरु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो ।

वर्तमान औपचारिक विद्यालय शिक्षा व्यवस्थापनमा स्थानीयता अनुकुलको पाठ्यक्रम र तिनको कार्यान्वयन गर्ने बारेमा छलफल तथा चिन्तन हुने गर्दछ । स्थानीय आवश्कतालाई उचित रुपमा सम्बोधन गर्न शिक्षालाई स्थानीय आवश्यकतामा आधारित बनाउनुपर्ने कुराले विश्वव्यापी मान्यता पाइसकेको छ । यस सम्बन्धमा विभिन्न दृष्टिकोण र अभ्यासहरु प्रस्तुत भएका र तिनमा निम्नानुसारका अभ्यासहरु हुन थालेको पाइन्छ :

- स्थानीय पाठ्यक्रमका सामान्य पथ प्रदर्शनका सिद्धान्तहरु तयार गर्ने र त्यसका आधारमा थप विषयवस्तु स्थानीय तहमा समावेश गर्ने ।
  केन्द्रीय पाठ्यक्रमको संरचनाका आधारमा निश्चित गरिएको पाठ्यभारका लागि विषयवस्तु छनोट देखि सम्पूर्ण प्रक्रिया स्थानीय तहमा नै विकास र व्यवस्थापन गर्ने ।
- केन्द्रीय निकायबाट व्यवस्थापन गरिएका विषयवस्तुलाई शिक्षण सिकाइ क्रियाकलापका माध्यमबाट स्थानीय विषयवस्तु समावेश गर्ने ।
- स्थानीय तहमा नै स्थानीय परिवेश, व्यक्ति, समाज, राष्ट्र र विश्वव्यापी परिवेशलाई सम्वोधन गर्ने पाठ्यक्रमको विकास र व्यवस्थापन गर्ने ।
  नेपालमा स्थानीय आवश्यकतामा आधारित शिक्षाका सामान्य प्रयासहरु पनि हुँदै आएका छन् । तथापि स्थानीय आवश्यकताका ज्ञान, सीप, प्रविधि आदिमा आधारित स्थानीय, पाठ्यक्रमलाई व्यवस्थापन गर्ने दवाव सृजना हुने गरेको पाइन्छ ।

विभिन्न क्षेत्रका विविध व्यक्तित्व र अध्ययन प्रतिवेदनबाट समेत यसको आवश्यकताको माग गरिँदै आएको छ । प्राथमिक शिक्षा पाठ्यक्रम (२०६२) ले सामाजिक अध्ययन, सिर्जनात्मक कला र शारीरिक शिक्षामा २० प्रतिशत पाठ्यभार स्थानीय विषयवस्तुमा आधारित हुनुपर्ने प्रावधान राखेको छ । यसले स्थानीय आवश्यकतामा आधारित शिक्षालाई थप एक विषयका रुपमा समावेश गर्दै मातृभाषा वा स्थानीय आवश्यकताको विषय समेत समावेश गर्न सकिने व्यवस्था गरेको छ । जुन राष्ट्रिय निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालय तहमा भने पाइँदैन । त्यसै गरी माध्यमिक शिक्षा सहयोग कार्यक्रमको मूल दस्तावेजमा माध्यमिक शिक्षामा

१० प्रतिशत देखि १५ प्रतिशत पाठ्यभार स्थानीय आवश्यतामा आधारित हुनुपर्ने कुरा उल्लेख छ । त्यस्तै स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका (२०६४) अनुसार पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६४ ले प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ को २०६२ संशोधनमा समावेश भएका सामाजिक अध्ययन सिर्जनात्मक कला तथा शारीरिक शिक्षा विषयमा २० प्रतिशत पाठ्यक्रम स्थानीय तहमा निर्माण गरी कार्यान्वयन गर्ने प्रावधान तथा थप १०० पूर्णांकको स्थानीयपरिवेश अनुरुपको मातृभाषा वा स्थानीय विषय छनोट गर्न सकिने व्यवस्था रहेको छ ।

यसरी स्थानीय पाठ्यक्रमको प्रावधान बमोजिम स्थानीय पाठ्यक्रम विभिन्न किसिमको हुन्छ :

क) सामाजिक अध्ययन सिर्जनात्मक कला तथा शारीरिक शिक्षा अन्तर्गत आंशिक स्थानीय पाठ्यक्रम ।

ख) स्थानीय विषय (पेशा, सीप, प्राविधिक, ऐतिहासिक, सांस्कृति, प्राकृतिक, पर्यटन वातावरण संरक्षण) सम्बन्धित स्थानीय पाठ्यक्रम

ग) मातृभाषा स्थानीय पाठ्यक्रम

यी विविध स्थानीय पाठ्यक्रमहरु मध्ये मेरो अध्ययन मातृभाषा स्थानीय पाठ्यक्रममा केन्द्रित छ । पूर्वी चितवन स्थित भण्डारा उच्च माध्यमिक विद्यालय स्रोतकेन्द्र अन्तर्गत ८ वटा विद्यालयमा तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रम प्रयोग गरिएको छ । त्यसैले तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रमको प्रयोगको अवस्था विषयमा अध्ययन गर्ने प्रयास गरिएको छ ।

### १.१.१ तामाङ जातिको परिचय

बहुभाषिक, बहुजातीय, बहुसाँस्कृतिक र बहुधार्मिक मुलुक नेपालमा सरकारले सूचीकृत गरेको ५६ आदिवासी जनजातिहरु मध्ये तामाङ तेस्रो ठूलो जाति हो र सबैभन्दा पूरानो आदिवासी जनजातिमध्ये एक हो । जुन ऐतिहासिक दस्तावेज तथा अभिलेखहरुबाट प्रमाणित छ । यसरी नै तामाङहरु काठमाडौं उपत्यकाभित्र लिच्छवी कालदेखि नै काठमाडौं उपत्यका भित्र र वरिपरिका क्षेत्रहरुमा बसेवास गरी आएको पाइन्छ । त्यसैले उपत्यकाको मंगोल मुलका पूरानो मानव जातिको रुपमा तामाङहरुलाई लिन सकिन्छ । त्यसैकारण तामाङहरु याम्बु वा हालको काठमाडौं उपत्यकालाई आफ्नो पूरानो थलोको रुपमा लिन्छन् र आफ्नो पितृभूमिलाई तामाङ ह्यूलवा" अथवा "ताम्सालिङ्" भन्दछन् ।

तामाङ ह्यूलवा “वा” “ताम्सालिङ्” अन्तर्गत काठमाडौं, ललितपुर, भक्तपुर, रसुवा, मकवानपुर, नुवाकोट, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, धादिङ, रामेछाप, दोलखा, चितवन, सोलखुम्बु, ओखलढुंगा, खोटाङ, भोजपुर, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुसा, सिराह, उदयपुर, पर्सा, गोर्खा साथै पश्चिम नेपालका केही जिल्लाहरु पर्दछन् । त्यस्तै भारतको दार्जलिङ, मिरिक, कालिङ्पङ, सिक्किम, आसाम, मेघालय, जलपाइगढी, नागालैण्ड, हिमाञ्चल प्रदेश, भुटान एवम् वर्मामा धेरै थोरै बसोवास भएको पाइन्छ ।

## १.२ समस्याको कथन

नेपाल बहुसांस्कृतिक, बहुधार्मिक, बहुजातीय राष्ट्र हो । राष्ट्रिय पाठ्यक्रमले राष्ट्रको सबै भौगोलिक अवस्था, जाति, धर्म, भाषालाई समेट्न सकेको छैन । यो परिवेशमा स्थानीय पाठ्यक्रमको महत्व बढेको छ । वास्तवमा वर्तमान समय विकेन्द्रिकरण र भूमण्डलीकरणको समय हो । विश्वभरीमा नै स्थानीय पाठ्यक्रमको निर्माण र प्रयोगको चर्चा चलेको छ । नेपालमा पनि केही वर्ष यतादेखि यसले स्थान पाएको छ । प्राथमिक पाठ्यक्रम २०४९ ले मातृभाषा स्थानीय विषय सिर्जनात्मक तथा अभिव्यक्तिशील कला जस्ता पाठ्यक्रमको विषयगत संरचनाको व्यवस्था गरेको छ । त्यस्तै परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रमले २०६० ले स्थानीय आवश्यकता, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय क्षेत्रमा आएको प्रभावलाई दृष्टिगत गरी स्थनीय पाठ्यक्रमको सोचलाई अघि बढाएको छ । साथै केही विषयमा आंशिक र सम्भाव्यक्षेत्रमा छुट्टै विषयका रुपमा समेत अध्ययन अध्यापन गर्न सकिने गरी स्थनीय पाठ्यक्रमको प्रावधानलाई अघि बढाएको कुरा स्थानीय पाठ्यक्रम निर्माण निर्देशिकामा उल्लेख छ । प्राथमिक पाठ्यक्रम परिमार्जित २०६२ ले स्थानीय पाठ्यक्रमको सम्बन्धमा सामाजिक अध्ययन अभिव्यक्तिशील कला र शारीरिक शिक्षा विषयमा २० प्रतिशत अंश विद्यालय आफैले स्थानीय पाठ्यक्रम निर्माण तथा कार्यान्वयन गर्न पाउने व्यवस्था गरेको छ । त्यस्तै गरेर अतिरिक्त १०० पूर्णांकको एक विषय स्थानीय विषयमा मातृभाषा सम्बन्धी विषयको पाठ्यक्रम निर्माणगरी कार्यान्वयन गर्न पाउने व्यवस्था गरिएको छ । स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका २०६३ ले शैक्षिक विकेन्द्रीकरणको अवधारणा अन्तर्गत पाठ्यक्रम सुधार पद्धतिका

अनुसार पनि स्थानीय आवश्यकतालाई समेट्ने गरी स्थानीय निकायलाई नै स्थानीय पाठ्यक्रम बनाउन दिई शिक्षामा सुधार गर्न सकिने कुरामा जोड दिएको छ ।

स्थानीय पाठ्यक्रम सम्बन्धी यी यावत् व्यवस्थाहरु भएपनि स्थानीय पाठ्यक्रम सही ढंगबाट कार्यान्वयन भएको अवस्था छैन । कतिपय विद्यार्थीले यसलाई जिम्मेवारीका साथ लिएका छन् भने कतिपयले यसलाई बोझका रुपमा लिएको अवस्था छ । स्थानीय पाठ्यक्रम सम्बन्धमा विविध खाले समस्या रहेका छन् । केन्द्रीय पाठ्यक्रमको संरचनाबाट स्थानीय पाठ्यक्रम व्यवस्था हुन नसकेको नेपालको विविधता अनुसारको विषयवस्तु पहिचान भई स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयवन हुन नसकेको, विद्यालयको वातावरण, शिक्षकको तयारी हुन नसकेको, स्थानीय पाठ्यक्रमको नाममा भाषा (अंग्रेजी, गणित, जस्ता विषय पढाउने प्रकृतिको विकास) हुँदै गएको जस्ता सस्याहरु रहेका छन् । साथै स्रोत साधनको अभाव, स्थानीय निकायलाई सशक्तिकरण नगरिएको स्थानीय पाठ्यक्रमका मर्म अनुसार शिक्षक व्यवस्थापन गर्न नसकिएको जस्ता समस्या रहेका छन् ।

हाल नेपालमा १२३ मातृभाषाहरु प्रयोगमा रहेका छन् । ती मध्ये तामाङ्ग भाषा पनि एक हो । वि.सं. २०६८ सालको जनगणना अनुसार नेपालमा तामाङ भाषीको जनसंख्या १,३,५,३,३११ ५.१ प्रतिशत रहेको छ । त्यस्तै तामाङ जातिका मानिसहरुको संख्या १,५३, ८३० ५.८ प्रतिशत रहेको छ । यसरी हेर्दा सबै तामाङ जातिका मानिसहरुले तामाङ मातृभाषाको प्रयोग गरेको पाइँदैन । यस सन्दर्भमा पूर्वी चितवनका प्राथमिक विद्यालयहरुमा लागु गरिएको तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रमको औचित्य के छ ? प्रयोगको अवस्था के कस्तो छ ? तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रम प्रयोगमा सरोकारवालाहरुको भूमिका के कस्तो छ ? जस्ता विषयवस्तु पत्ता लगाउने, रुचि र इच्छा लागेकाले तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रमको प्रयोगको अवस्थालाई समस्याको रुपमा लिइएको छ ।

## १.३ अध्ययनको महत्व

स्थानीय ज्ञानलाई भूमण्डलीकरण गर्न स्थानीय ज्ञान र सीपको उजागर गर्न, अन्तर्राष्ट्रिय ज्ञान र स्थानीय ज्ञानको सम्मिश्रण गर्न, सेवाग्राहीले खोजेको, रोजेको र जीवनसँग प्रत्यक्ष सरोकार राख्ने विषय छनोट गर्न विकेन्द्रीकरणको अवधारणा अनुरुप स्थानीय विषय छनोटको स्वतन्त्रता प्रदान गर्न, स्थानीय आवश्यकता पूरा गर्न, स्थानीय स्रोत र साधनको परिचालन गर्न, स्थानीय कला संस्कृतिको संरक्षण र सम्वर्द्धन गर्न, स्थानीय पेशा र व्यवसायलाई प्रवर्द्धन गर्न तथा शैक्षिक गुणस्तरको अभिवृद्धि गर्न स्थानीय पाठ्यक्रमको महत्व बढेको छ । समुदायलाई विद्यालय शिक्षाप्रति बनाउन शिक्षकको कार्यकुशलता अभिवृद्धि गर्न, विद्यालयको संस्थागत क्षमता

बढाउन, स्थानीय जनसहभागिता जुटाउन र शिक्षालाई सबैको सरोकार र चासोको विषय बनाउन तथा नजिकबाट अनुगमन मूल्याङ्कन गरी शैक्षिक गुणस्तर उकास्न स्थानीय पाठ्यक्रम आजको आवश्यकता हो ।

बालबालिकाको शैक्षिक क्षमताको अभिवृद्धि र भाषिक क्षमताको विकास अति महत्वपूर्ण पक्षका रुपमा रहेका छन् । मातृभाषामा शिक्षा दिनाले विभिन्न समाजमा भएको सांस्कृतिक विविधतालाई जोगाई स्थानीय परिवेश र वातावरणलाई उद्घाटन गर्न, सांस्कृतिक सक्षमताको विकास गर्न, भाषा तथा लिपिको संरक्षण गर्न, जातीय पहिचानका लागि द्वन्द्व घटाउन मद्दत गर्ने हुनाले मातृभाषा शिक्षाको महत्व दिन प्रतिदिन बढ्दै गएको छ । सरकारी नीति सबैका लागि शिक्षालाई सफल पार्न पनि मातृभाषा शिक्षाको आवश्यकता महशुस गरिएयो । विद्यालयप्रति विद्यार्थीहरुको आकर्षण बढाउन, विद्यालयमा बालबालिकाहरुको भर्ना गर्न, विद्यालय छाड्ने प्रवृत्तिलाई रोक्न, बालबालिकाहरुलाई विद्यालय शिक्षामा सफल पार्न, सिकाइलाई सरल, प्रभावकारी र दिगो बनाउन, बालबालिकाहरुको अन्तर्निहित प्रतिभा प्रस्फुटनमा सघाउ पुऱ्याउन, मातृ भाषाको संरक्षण, संवर्द्धन र विकास गर्न मातृभाषा शिक्षाको महत्व छ ।

जुनसुकै अध्ययनको आफ्नै औचित्य रहेको हुन्छ । अर्थपूर्ण ढंगबाट समस्या समाधान गर्न, नयाँ नयाँ तथ्यपूर्ण ज्ञान वा सिद्धान्त प्रतिपादन गर्न प्रभावकारी ढंगबाट अध्ययन कार्यलाई अगाडि बढाइएको हुन्छ । यो अध्ययन अनुसन्धानको विषय क्षेत्र  प्राप्त निष्कर्ष उपयोगिता र महत्वका दृष्टिकोणले अर्थपूर्ण हुन्छ । स्थानीय जनताको आवश्यकतालाई यसले सम्बोधन गर्दछ । शैक्षिक अवसरलाई स्थानीय जनसमक्ष पुऱ्याउन सक्छ । किनकि यसका लागि स्थानीय जनताको शैक्षिक सशक्तिकरण गरिन्छ । शैक्षिक गुणस्तर उकास्न स्थानीय तहबाट नै गरिएको प्रयत्न महत्वपूर्ण हुन्छ । यसबाट केवल स्थानीय ज्ञान, सीप प्रवर्द्धन मात्र बरु आर्थिक उन्नयन, समावेशीकरण, विश्वव्यापीकरण जस्ता पक्षको पनि प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह हुन पुग्दछ । तसर्थ अध्ययन पछि तामाङ मातृभाषा  पाठ्यक्रमको प्रयोगको पक्षलाई गुणस्तरीय तथा प्रभावकारी बनाउनु यसको महत्वपूर्ण भूमिका रहेको छ ।

## १.४ अध्ययनको उद्देश्य

कुनै पनि अध्ययन अनुसन्धानको आफ्नै उद्देश्य रहन्छ । त्यसैगरी यस अध्यनको पनि निम्न उद्देश्यहरु रहेका छन् :

क) तामाङ मातृभाषा पाठ्यक्रमको औचित्य खोजी गर्ने,

ख) तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगको अवस्था पहिचान गर्ने,

ग) तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगमा सरोकारवालाको भूमिका पत्ता लगाउने ।

## १.५ अनुसन्धनात्मक प्रश्नहरु

यस अनुसन्धान निम्न प्रश्नहरुको उत्तर खोजि गर्नका लागि गरिनेछ ।

क) विद्यालयमा तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रम नै किन लागु गरियो ?

ख) त्यस क्षेत्रमा तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रम लागु गर्ने आधारहरु के के छन् ?

ग) तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रमग प्रयोग गर्नु पूर्व गरिएका तयारीहरु के के छन् ?

घ) तामाङ मातृभाषा स्थानीय पाठ्यक्रमको कक्षकोठामा प्रयोगको स्थिति कस्तो छ ?

ङ) तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रम निर्माण र प्रयोग सिलसिलामा कुन कुन व्यक्ति र संघसंस्थाले सहयोग गरेका छन् ?

## १.६ अध्ययनको सीमा

यो अध्ययन निम्न सीमामा रहेर सम्पन्न गरिने छ :

क) यस अध्ययन चितवन जिल्लाको पूर्वी क्षेत्र स्थित भण्डारा स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरुमा सीमित गरिने छ ।

ख) यस अध्यनय कक्षा १ र२ को तामाङ मातृभाषाको स्थानीय विषयसँग मात्र सीमित रहनेछ ।

ग) यस अध्ययन तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रम प्रयोग पक्षसँग मात्र सीमित रहनेछ ।

# परिच्छेद दुई

## सम्बन्धित साहित्यको सिंहावलोकन तथा सैद्धान्तिक खाका

सम्बन्धित साहित्यको पुनारावलोकन भन्नाले अध्ययन गर्न खोजिएको विषयवस्तुसँग सम्बन्धित साहित्यको पुनरावलोकन गरी तिनीहरुलाई तथ्यपूर्ण र सिलसिलेवार मिलाइ प्रस्तुत गर्नु हो । अनुसन्धान नयाँ होस्, नदोहोरियोस् भन्नका लागि साहित्यको पुनरावलोकन गरिन्छ । यो अध्ययन अवधिभर निरन्तर चलिरहने प्रक्रिया हो । यसले अध्ययनकर्ताको सम्बन्धित विषयको ज्ञानको क्षेत्रलाई  फराकिलो पार्न समेत सहयोग पुऱ्याउँछ । यस अध्ययनको क्रममा केही साहित्य, अनुसन्धानसँग सम्बन्धित विभिन्न लेख तथा कृतिहरु एवम् पत्रिपत्रिकाहरुको सहयोग लिई सम्बन्धित साहित्यको पुनरावलोकन गरियो ।

### २.१ सम्बन्धित साहित्यको सिंहावलोकन

स्थानीय स्तरमा स्थानीय सरोकारवालाहरुको सहभागीतामा स्थानीय आवश्यकता अनुसार स्थानीय विषयवस्तुहरु समावेश गरी निर्माण र कार्यान्वयन हुने पाठ्यक्रम स्थानीय पाठ्यक्रम हो, (स्थानीय पाठ्यक्रम निर्माण निर्देशिका, प्राथमिक तह २०६४ :१ ) ।

पाठ्यक्रम विकासको प्रारम्भिक चरणदेखि हालसम्म पनि पाठ्यक्रमको निर्माण राज्यले केन्द्रीय तहमा गर्ने र त्यसको कार्यान्वयन स्कूलहरुमा हुने गरेको पाइन्छ । अहिले विश्वभरिमा नै पाठ्यक्रमको स्थानीयकरण या रैथानेकरण गर्ने लहर आएको छ । ‘पाठ्यक्रमको स्थानीयकरण’ भनेको पाठ्यक्रममा स्थानीय विषयवस्तु प्रवेश गराउने र पाठ्यक्रम निर्माणमा स्थानीय सरोकारवालहरुको सहभागिता सुनिश्चित गर्नु हो । विश्वव्यापीकरणको प्रभाव बढ्दै गएको विश्व परिवेशमा पहिचान र अस्तित्वका लागि स्थानीय पाठ्यक्रमको आवश्यकता र महत्व अझ बढेको छ । यसका निमित्त स्थानीय विषयवस्तु र विश्वपरिवेशवीच सन्तुलन कायम गरेर पाठ्यक्रम निर्माण गर्नु उचित हुन्छ, (शिक्षक मासिक जेठ, २०६८:३९) ।

शैक्षिक अनुसन्धानकर्ता ग्लायोर्नका अनुसार पाठ्यक्रम निर्माताहरुको अनुभवमा आधारित पाठ्यक्रम निर्माण गर्नुपर्नेमा जोड दिएका छन् । स्थानीय पाठ्यक्रम निर्माणको सन्दर्भमा पनि स्थानीय अनुभव र सीपलाई नै महत्व दिनु पर्दछ र यस्तो पाठ्यक्रम बनाउन सम्बद्ध ठाउँका

शिक्षक अभिभावक र विद्यार्थी आदि नै सक्षम हुन्छन् उनको कथन छ । त्यस्तै Print का अनुसार शिक्षक तथा प्रशासकले आ-आफ्नो भूमिकालाई परिमार्जित गर्नु पर्दछ । तिनीहरुलाई पूर्णपाठ्यक्रम निर्माण र त्यससम्बन्धी निर्णय गर्ने अधिकार पनि हुनु पर्दछ । शिक्षाविद विथेन (१९९५) का अनुसार पाठ्यक्रमविद्हरुले विद्यार्थीको बढ्दो रुची र ज्ञान अनुसार पाठ्यक्रम स्वीकृत गर्नुपर्ने उल्लेख गरेका छन् । उनका अनुसार विश्वव्यापी रुपमा नै पाठ्यक्रम उपर कसको नियन्त्रण हुने भन्ने वारे शीतयुद्ध चल्दै आएको छ । त्यस्तै फुहरस्थान र इल्मोर (१९९०) ले विज्ञ, राज्यका अधिकारी, प्रधानाध्यापक, शिक्षकले प्रभावकारी भूमिका खेले मात्रै पाठ्यक्रमले राम्रो काम गर्न सक्छ र त्यसले छात्रछात्राको सिकाइस्तरमा सार्थक उपलब्धि हासिल गर्न सहयोग पुऱ्याउँदछ । भारतीय शिक्षाविद् महात्मा गान्धीका अनुसार शिक्षाको माध्यम मातृभाषामा हुनु पर्दछ र सबै भाषाहरुमध्ये यसको स्थान अग्र पङ्तिमा हुनु पर्दछ । स्वामी दयानन्द सरस्वती एवम् श्री अरिविन्द घोषले पनि शिक्षाको माध्यम मातृभाषामा हुनु पर्दछ भनेका छन् ।

पश्चिमेली मुलुकहरुमा प्रजातान्त्रिक परिपाटीबाट शक्तिको वितरण र उपयोग गर्ने धारणालाई बहुलवादी धारणा भनिन्छ । यस धारणा अनुसार शक्ति समाजका विभिन्न समूहमा वितरण भएको हुन्छ, (शर्मा, २०६७ : ३३५) ।

मानवतावादीका अनुसार सिकाइमा स्वः निर्देशित प्रक्रियालाई जोड दिनु पर्दछ । स्वनिर्देशित अनुभव नै वस्तविक सिकाई उपलब्धि हो । स्वप्रेरणा स्वकार्य, स्वअनुभूति, स्वआदर, स्वजिम्मेवारी, स्वछनौट एवम् स्व श्रमार्थी कारण मानवतावादीहरुका मूल मन्त्रहरु हुन्, (सापकोटा २०६७ :१३८) ।

नेपाल एक बहुजातीय बहुभाषिक तथा बहुसांस्कृतिक राष्ट्रका रुपमा विगतदेखि नै स्वीकार गरिँदै आएता पनि प्रत्येक भाषिक समुदायले आफ्नो मातृभाषामा प्रारम्भिक तहसम्मको शिक्षा पाउने अधिकार नेपाल अधिराज्यको संविधान २०४७ ले प्रदान गऱ्यो । नेपालको संविधान २०४७ लागु हुनुपूर्वका शैक्षिक आयोगहरु तथा योजनाहरुले अल्पसङ्ख्यक रुपमा रहेका विभिन्न जातीय भाषिक तथा सांस्कृतिक समूहहरुको शैक्षिक उत्पादनका लागि विशेष कार्यक्रमहरुको सिफारिस गरेको पाइँदैन । मातृभाषा र विद्यालयको भाषाको भिन्नताले गर्दा कतिपय विद्यार्थीहरु विद्यालय शिक्षाबाट असफल भएका छन् र कतिपयले विद्यालय छोड्न तथा कोही भर्ना नै नहुने देखिन्छ, (कोइराला र आचार्य २०६१:२५१) ।

राष्ट्रिय शिक्षा आयोग (२०४९) ले सिफारिस गरेको राष्ट्रिय लक्ष्यहरुमध्ये "शिक्षाले समाजमा पछि परेका व्यक्तिलाई राष्ट्रिय मूलधारमा समाहित गर्न सहयोग गर्नु पर्दछ" पनि एक हो । जुन विकेन्द्रीकरण सिद्धान्तसँग सम्बन्धित छ । त्यस्तै स्थानीय भाषा (राष्ट्र भाषा), सिर्जनात्मक अभिव्यक्तिशील कला जस्ता पाठ्यक्रमको विषयगत संरचनाको व्यवस्था गरेको छ ।

त्यस्तै उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग (२०५५) ले सिफारिस गरेका शिक्षा राष्ट्रिय लक्ष्यहरुमध्ये राष्ट्रभाषा, राष्ट्रियभाषा, संस्कृति, साहित्य सौन्दर्य एवम् राष्ट्रिय भाषा, सांस्कृतिक साहित्य सौन्दर्य एवम् राष्ट्रिय सम्पदाको संरक्षण, सम्बर्द्धन र विकास गर्न, प्राकृतिक सम्पदा एवम् वातावरणको संरक्षणको एवम् वातावरणको संरक्षण एवम् सम्बर्द्धन गर्ने जस्ता लक्ष्यहरु स्थानीय पाठ्यक्रमसँग प्रत्यक्ष वा परोक्ष रुपमा जोडिका छन् । निम्न माध्यमिक तहको पाठ्क्रमका राष्ट्रिय शिक्षा आयोग २०४९ ले सुझाव गरे अनुसारका अनिवार्य विषयहरुको पठनपाठनका साथै ऐच्छिक भाषा अन्तर्गत १०० पूर्णांकको कुनै एक भाषा पढाउने गरिनु पर्दछ । यसमा मातृभाषा, राष्ट्रभाषा संस्कृत र अंग्रेजीभाषा मध्ये कुनै एक  भाषा पढाउने गर्नु पर्दछ ।

नेपालको अन्तरिम संविधानको २०६३ को धारा १७ मा शिक्षा तथा संस्कृति सम्बन्धीहकको व्यवस्था गरिएको छ । यसमा प्रत्येक समूदायलाई कानूनमा व्यवस्था भए बमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुने व्यवस्था गरिएको छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) अनुसार प्रारम्भिक तहका कक्षाहरुमा शब्दभण्डारका कारणले सिकाइ सहज हुने हुँदा र विद्यालयप्रति विदयार्थीको आकर्षण समेत बढ्ने कारणले मातृभाषाका माध्यमहरुबाट पठनपाठन गर्न उर्पयुक्त हुने कुरा अध्ययनहरुले औंल्याएका छन् र अनुभवहरुबाट समेत उपयुक्त मानिएको छ । मातृभाषा सम्बन्धी विविध प्रयास भइरहे तापनि यस सम्बन्धमा विविध चुनौति रहेका छन् भनी राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) ले उल्लेख गरेको छ ।

- विविध सामाजिक, सांस्कृतिक भाषिक संरचनायुक्त मिश्रीत समाजको अवस्थिति हुनु ।
- द्वैभाषिक शिक्षणका लागि आवश्यक जनशक्ति (शिक्षक तयारीको) व्यवस्था हुन नसक्नु ।
- स्थानीय तहको सक्रियता  र सहयोगबाट मातृभाषा शिक्षक व्यवस्था हुन नसक्नु ।
- अधिकांश मातृभाषाको लिपि, शब्दकोष, व्याकरणको विकास हुन नसक्नुका साथै लेख्य परम्पराको विकास हुन नसक्नु ।

- मातृभाषी सम्बन्धी आवश्यक स्रोत सामग्रीहरु सहजरुपमा उपलब्ध नहुनु ।
- मातृभाषासम्बन्धी स्पष्ट नीति नबन्नु ।
- सम्बन्धित मातृभाषी सरोकारवालाहरुको (Stakeholders) को नीति निर्माण र

कायान्वयन तहमा सहभागी हुन सक्ने अवस्था नहुनु । एउटै कक्षामा दुई भन्दा धेरै मातृभाषा बोल्ने बालबालिका भएका विद्यालयहरुका भाषिक नीति कस्तो हुने ? न्यूनतम शिक्षक संख्याको समेत व्यवस्थापन गर्न नसकिएको वास्तविकतामा बहुभाषिक विविधतालाई सम्बोधन गर्ने गरी शिक्षकको व्यवस्थापन कसरी गर्ने ? कस्तो प्रकारको पाठ्यक्रम तथा पाठ्यक्रमसम्बद्ध सामग्री तयार गर्न ? उपर्युक्त लगायत अन्य मुद्धालाई सम्बोधन गर्ने राष्ट्रिय भाषा नीति विकास र त्यसको आधारमा पाठ्यक्रम तथा सम्बद्ध गतिविधिमा प्रभावकारिता कसरी ल्याउने भन्ने कुरा नै चुनौतिपूर्ण रहेको छ । भनी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले उल्लेख गरेको छ ।

कन्दङ्वा (२०६९) का अनुसार (लिम्बु मातृभाषाको कार्यान्वयनको अवस्था) जातीय भाषा, धर्म, संस्कृति परम्परा, मूल्य मान्यताको संरक्षण, सम्बर्द्धन गर्न जातीय पहिचान स्थापित गर्न तथा मातृभाषालाई राष्ट्रिय तथा अन्तराष्ट्रिय परिवेशमा चिनाउन मातृभाषा पठन पाठन आवश्यक छ तर शिक्षक दरबन्दीको व्यवस्था नहुनु, सिकारुकेन्द्रीत विधिको अभाव, आर्थिक अभाव, शिक्षक तालिम नहुनु जस्ता कारणले मातृभाषा कार्यान्वयनको अवस्था निर्दिष्ट प्रक्रिया अनुसार नभएको देखिन्छ ।

रेग्मी (२०६८) ले स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयनको अवस्था विषयमा गर्नुभएको अध्ययन अनुसार पाठ्यक्रम निर्माणकर्ता र पाठ्यक्रम कार्यान्वयनकर्ताबीच पाठ्यक्रम प्रतिको धारणामा एकरुपता देखिएन । त्यसैले स्थानीय पाठ्यक्रम किन वनाइयो र यसको कार्यान्वयन कसरी गर्ने भन्ने प्रश्नमा केन्द्रित रही प्राथमिक शिक्षा पाठ्यक्रमको मर्म अनुसार कार्य सम्पादन गर्नु पर्दछ ।

## २.२ सैद्धान्तिक अवधारणा

कुनै पनि अनुसन्धान कार्य गर्दा निश्चित सिद्धान्तलाई आधार मानेर अगाडि बढाउनु आवश्यक रहन्छ । त्यसैले यस अध्ययनलाई पनि केही सिद्धान्तको आधारमा अगाडि बढाइएको छ ।

सन् १९८० को दशकपछि खास गरी विकासशील देशहरुमा पाठ्यक्रमसँग सम्बन्धित मुद्दाहरुलाई निराकरण गर्नका लागि पाठ्यक्रमको स्थानीयकरणलाई प्रमुख आधार बनाइयो । जस अनुसार पाठ्यक्रमको योजना निर्माण, विकास, वैधता प्रदान, कार्यान्वयन र मूल्यांकनको दायित्व विद्यालय वा स्थानीय निकायलाई प्रदान गराई स्थानीय स्तरको चाहना र स्थानीय स्रोत र साधानको आवश्यकता पूरागर्ने गरी पाठ्क्रम तयार गर्नुलाई पाठ्यक्रमको स्थानीयकरण भनिन्छ । यो धारणा पाठ्यक्रमको तलबाट माथि (Buttom-up approach) को पद्धतिमा आधारित छ । केन्द्रीय तहबाट निर्माण गरी लागु गरिएको पाठ्यक्रमले मात्र स्थानीय तहको आवश्यकतालाई समेट्न सक्दैन भन्ने दृष्टिकोणले स्थनीय पाठ्यक्रमको धारणा देखा परेको हो, (अधिकारी, २०५९:१३५) ।

विकेन्द्रीकरणको सिद्धान्त अनुसार स्थानीय निकायहरुले आफ्नो क्षेत्रको व्यक्तिको आवश्यकता अनुसार त्यसलाई पूरा गर्न सहयोग गर्ने गरी शैक्षिक कार्यभार वनाउने, योजना तर्जुमा गर्ने, परिवर्तित समय अनुसार समाज र राज्यले खोजेको पाठ्यक्रम तयार पार्ने, सोही अनुसारको पाठ्यपुस्तक तयार गर्ने, अनुगमन गर्ने मूल्यांकन गर्ने र स्थानीय सरोकारवला शिक्षक, विद्यार्थी, अभिभावक, शैक्षिक संस्थाका मानिसहरुहरुमा संलग्न गराई जनमानसमा शैक्षिक कार्यक्रमप्रति उत्तरदायित्व र स्वामित्वको भावना अभिवृद्धि गरी गरी सहभागितामूलक र साझेदारीव्यवस्थापनको अवधारणामा अग्रसरता दिन्छ । विकेन्द्रकरणका सिद्धान्तअनुसार विकासको प्रतिफल तल्लो तहसम्म पुऱ्याई कार्यान्वयन गर्ने दायित्व स्थानीय तहको हुन्छ । स्थानीय तहमा नै आंशिक योजना निर्माण र कार्यान्वयन गरेर तल्लो तहमा रहेका स्थानीय सरोकारवालाहरुलाई जिम्मेवारी जवाफदेही र अधिकार सम्पन्न बनाउँदछ । White ले The transfer of power of administrative autohority from lower to higher of government is called, centralization and converse decentralization. विकेन्द्रीकरणको सिद्धान्तअनुसार विकासको प्रतिफल तल्लो तहसम्म पुऱ्याई कार्यान्वयन गर्ने दायित्व स्थानीय तहको हुन्छ । भन्ने कुरामा जोड दिन्छ । विकेन्द्रीत अवधारणाले स्थानीय स्तर र तहको विकासमा स्थानीय निकायको भूमिका महत्वपूर्ण हुन्छ भन्ने कुरामा जोड दिन्छ । यस अवधारणा अनुसार स्थानीय निकायले स्थानीय आवश्यकता अनुसार नीति तथा योजना निर्माण गर्दछन् र त्यसलाई अनुमोदन गर्ने कार्य केन्द्रिय तहले गर्नु पर्दछ भन्ने मान्यता राख्दछ, White, 1968 Cited in Govinda Bhatta (सामाजिक शिक्षा विषयको पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारिता) ।

The dencentralized systems develope decision making to subnational authorities to promote local accountability and responsiveness. The resulting diversity includs public and private sectors schools and differetn schools to meet perceptions of regional need. (Moon and Murphy, 1999: 107)

John Rawl (१९६७) ले ( A theory of justice) मा न्यायपूर्ण समाजको निर्माण गर्नु नै न्याय सिद्धान्तका मौलिक कुरा भनेका छन् अर्थात् एउटा संगठित समाजमा त्यहाँका वासिन्दाहरुले सम्मानित जीवन बाँच पाउनु पर्दछ । त्यो त्यतिवेला सम्भव हुन्छ, जब त्यहाँ न्याय हुन्छ । जातजाति, वर्ण, लिंग, धर्म, भाषाभाषी, आदिका आधारमा कसैलाई भेदभाव गरिनु हुँदैन । प्रत्येकलाई समान आर्थिक, राजनीतिक, तथा सामाजिक अवसर प्राप्त हुनु पर्दछ । कहिलेकाही सामाजिक न्यायका लागि समाजमा असमानता पनि लागु गर्नुपर्ने हुन्छ । राष्ट्रले महिला बालबालिका, पिछडिएका वर्गका लागि विशेष व्यवस्थामा गर्न पनि त्यस्ता असमान प्रावधानको व्यवस्था गर्नुपर्ने हुन्छ, तर यस्ता असमान प्रावधान सकारण (With reasion) मात्र हुनुपर्दछ र सामाजिक न्यायको सुनिश्चितताका लागि गरिनु पर्दछ । Rawl का अनुसार कानुन बनाउँदा सबै पक्षको सहभागिता हुनु पर्दछ र सबैलाई स्वीकार्य कानुन र सबैको कल्याणहुनु पर्दछ तर धेरैजसो मुलुकमा निर्णय र कानुन बनाउने कार्यमा महिला, जनजाति र दलित वर्गको प्रतिनिधित्व हुँदैन । भइहाले पनि नगन्य हुन्छ फलस्वरुप कानुन ती समूहहरुको प्रत्यक्ष हित वा उनीहरुको सामाजिक न्याय प्रति त्यति संवेदनशील हुँदैन । यद्यपी राष्ट्रले ती समूहहरुलाई सामाजिक न्याय दिलाउन अनेक प्रयास गरेको हुन्छ । न्याय भनेको सामाजिक संस्थाको जग हो । उनका अनुसार साधन, पद, अवसर आदिको वितरण गर्दा न्यायको सिद्धान्त अपनाउनुपर्दछ । व्यक्तिलाई छनोट अवसर दिइयो भने उनीहरुले उचित तथा विभेदरहित कुराको छनोट गर्दछन् । अधिकार, स्वतन्त्रता, अवसर, आम्दानी आदि आफ्नै इच्छालाई सन्तुष्ट गर्ने कुरा व्यक्तिले चाहन्छ । अर्को शब्दमा व्यक्तिले त्यस्तो सजाय हुन्छ । जहाँ आफूले गुमाउने होइन केही हासिल होस । Rawl भन्छन् व्यक्तिका न्यूनतम लाभबाट अधीकतमीकरण गर्नु नै यसको सिद्धान्तको प्रमुख पक्ष हो । The social and economic polices should be aimed at maximizing the long term expectation of the least advantage under conditions of fair equality and opportunity. Rawls को सिद्धान्तले आत्मसम्मानलाई ठूलो महत्व दिन्छ । उनका अनुसार न्याकि आत्म सम्मनको लागि मौलिक हक र स्वतन्त्रता चाहिन्छ । The basis for self esteem in a just society is the equal distribution of fundamental right and

liberty. सुविधाजनक वर्गको हित गर्ने कानुन अन्यापूर्ण भएकाले सुविधा विहीन वर्गको हितलालई ध्यान दिने गरी कानुनको तर्जमा गर्नु पर्दछ । त्यसैले उनको न्यायको सिद्धान्त वितरण distributive छ । उनको न्यायप्रति समाज (Just Society) ले संबैधानिक प्रजातन्त्र, स्वतन्त्रता र उदार अर्थतन्त्रमा जोड दिनुका साथै सुविधा विहिन वर्गको हितमा लगानी गर्नुपर्ने कुराको वकालत गर्दछ, कोइराला र आचार्य (२०६१: ८२,८३) ।

## २.३ अवधारणात्मक ढाँचा

नेपालमा विभिन्न किसिमका स्थानीय पाठ्यक्रम प्रयोगमा आएको पाइन्छ ।


क) सामाजिक अध्ययन, सृजनात्मक कला तथा शारीरिक शिक्षा अन्तर्गत आंशिक स्थानीय पाठ्यक्रम ।

ख) स्थानीय विषय (पेशा, सीप, प्राविधिक, ऐतिहासिक, सांस्कृतिक, प्राकृतिक, पर्यटन वातावरण संरक्षण) सम्बन्धि) स्थानीयपाठ्यक्रम ।

ग) मातृभाषा स्थानीय पाठ्यक्रम ।

यी स्थानीय पाठ्यक्रमहरु मध्ये मेरो अध्ययन तामाङ मातृभाषामा केन्द्रित छ । तामाङ्ग मातृभाषा पाठ्यक्रमको प्रयोगमा सरोकारवालाहरुको भूमिका र प्रयोगमा देखिएको समस्यालाई समाधान गर्ने कुरालाई अवधारणात्मक ढाँचामा निम्नानुसार देखाइएको छ ।

**स्थानीय पाठ्यक्रम**




## २.४ शैक्षिक उपादेयता

पूर्व साहित्यको पुनरावलोकनबाट यस अध्ययनलाई निश्चित दिशातर्फ मार्गदर्शन गर्न सहयोग पुगेको छ । शीर्षक छनोट गर्न, अनुसन्धान ढाँचा तयार गर्न साथै शोधको उद्देश्य, क्षेत्र निर्धारण गर्न मद्दत पुगेको छ । यस अध्ययन अनुसन्धानबाट प्राप्त नतिजा विभिन्न सरकारी तथा गैर सरकारी संघसंस्थाहरुलाई उपयोगी हुनेछ । यस विषयसँग सम्बन्धित अनुसन्धान गर्न चाहने जो कोहीलाई पनि यसले मद्दत नपुऱ्याउला भन्न सकिन्न । यस अध्ययनका क्रममा विभिन्न लेख रचना, पत्रपत्रिका, विशेषज्ञका राय सुझाव र अनुसन्धानको सम्बन्धित क्षेत्रबाट प्राप्त गरिएका तथ्यांकलाई व्याख्या विश्लेषण गरी सरल तरिकाले निचोडमा पुऱ्याइएको हुनाले सबैका लागि बुझ्न सजिलो र उपयोगी पनि हुनेछ ।

# परिच्छेद तीन
# अध्ययन विधि

कुन पनि अनुसन्धानलाई सम्पन्न गर्ने तरिका वा कार्यात्मक पक्षलाई अनुसन्धान विधि भनिन्छ । जुनसुकै अनुसन्धान एक जटिल कार्य हो । तर निश्चित विधि अपनाएर अनुसन्धान कार्य गरेमा जटिल कार्य पनि सरल, सहज हुनजान्छ । त्यसैले अध्ययन अनुसन्धान गर्दा निश्चित विधि वा प्रक्रिया अपनाउनु पर्दछ। यो अध्यनय कार्य सम्पन्न गर्न निम्न विधि प्रक्रिया अवलम्बन गरियो ।

## ३.१ अनुसन्धानको रुपरेखा

यस अनुसन्धानलाई उद्देश्य उन्मुख बनाउनको लागि गुणात्मक अध्ययन विधिलाई प्रमुख अधार मानिएको छ । अनुसन्धानको क्रममा  अनुसन्धानकर्ता अनुसन्धान क्षेत्रमा आफै पुगेर सूचना संकलन गरियो  । अध्ययनको क्रममा तामाङ मातृभाषा पाठ्यक्रमका औचित्य, तामाङ् मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था र तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगमा सरोकारवालाको भूमिकाकोबारेमा तथ्यांक संकलन गर्ने प्रयत्न गरियो । अध्ययनको रुपरेखालाई ढाँचालाई यसरी प्रस्तुत गरिएको छ ।

| क्र. सं. | अध्ययनको उद्देश्य | तथ्यांकको स्रोत | साधनहरु |
|---|---|---|---|
| 1 | मातृभाषा पाठ्यक्रमको औचित्य खोजि गर्ने । | प्रधानाध्यापक, शिक्षक, स्रोतव्यक्ति, अभिभावक | प्रश्नावली |
| 2 | तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगको अवस्था पहिचान गर्ने । | प्रधानाध्यापक, शिक्षक | प्रश्नावली,समूह छलफल अवलोकन फारम |
| 3 | तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगमा सरोकारवालाहरुको भूमिका पत्ता लगाउने । | शिक्षक, प्रधानाध्यापक, लिखित दस्तावेज | प्रश्नावली |

## ३.२ नमूना छनोट

यस अध्ययनमा विद्यालय छनोटको लागि उद्देश्यपूर्ण नमुना छनोट विधि अपनाइएको थियो । पूर्वी चितवन स्थित भण्डारा उच्च माध्यमिक विद्यालय अन्तर्गत (तामाङ मातृभाषा कार्यान्वयनमा) आएका ८ ओटा सामुदायिक विद्यालयहरु मध्ये वनस्पती राष्ट्रिय प्राथमिक विद्यालय दुवीचौरलाई छनोट गरिएको थियो । सम्बन्धित विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक र त्यस क्षेत्रका स्रोत व्यक्तिलाई पनि अध्ययनमा संलग्न गरिएको छ । १० जना अभिभावकहरूलाई अध्ययनमा सम्लग्न गरिएको छ । अभिभावक छनोट गर्न भने Snow ball sampling method प्रयोग गरिएको छ । सम्बन्धित प्रधानाध्यापक र विषय शिक्षकसँग परामर्श गरी अध्ययनमा अभिभावकलाई समेटिएको छ ।

## ३.३ तथ्यांकका स्रोतहरु

यस अध्ययनका लागि तथ्यांकको स्रोतका रुपमा (प्राथमिक स्रोतहरु र सहायक स्रोतहरु) दुवै स्रोतलाई लिइएको थियो । प्राथमिक स्रोतका रुपमा प्रश्नावली, कक्षा अवलोकन गरिएको छ भने सहायक स्रोतका रुपमा पुस्तकहरु, विभिन्न व्यक्तिहरुद्वारा लेखिएका लेखहरु पत्रपत्रिका अध्ययन गरिएको छ ।

## ३.४ साधनहरुको निर्माण

यस अध्ययनको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नको लागि निम्न साधनको प्रयोग गरिएको छ : प्रश्नावली, कक्षा अवलोकन फारम ।

### ३.४.१ प्रश्नावली

तामाङ मातृभाषा पाठ्यक्रमको औचित्य खोजी गरी प्रयोगको अवस्था पहिचान गर्ने र पाठ्यक्रम प्रयोगमा सरोकारवालाहरूको भूमिका पत्ता लगाउन प्रधानाध्यापक, विषय शिक्षक, अभिभावक, स्रोत व्यक्तिको लागि यो साधनको प्रयोग गरिएको छ ।

### ३.४.२ कक्षा अवलोकन फारम

तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था पहिचान गर्न कक्षाअवलोकन फारमको प्रयोग गरिएको छ ।

### ३.५. साधनको विश्वसनीयता र वैधता :

यस अध्ययनलाई सम्पन्न गर्न निर्माण गरिएका प्रश्नावलीहरू आफ्ना सहपाठी साथीको समूहमा छलफल गरी साधनको खेस्रा निर्माण गरिएको छ । साथै शोध निर्देशकज्यूको राय, सल्लाह लिएर छलफल परामर्श गरी शिक्षकको लागि कक्षा अवलोकन फारम, प्रश्नावली निर्देशिका अध्ययन गरिएको छ । शोध निर्देशकज्यूको निर्देशनअनुसार त्यसमा संशोधन गरेर वैधता निर्धारण गरिएको छ । उक्त साधनको प्रयोगबाट यस अनुसन्धानलाई पूर्णता दिन ठूलो सहयोग पुग्ने विश्वास गरिएको छ ।

### ३.६ तथ्यांक संकलन प्रक्रिया

यस अध्ययनको लागि आवश्यक पर्ने तथ्यांक संकलन गर्न अध्ययनकर्ता स्वयम् सम्बन्धित क्षेत्रमा गई सूचना संकलन कार्य गरिएको थियो । सो कार्यका लागि सर्वप्रथम सम्बन्धित विद्यालयको प्रधानाध्यापकसँग सम्पर्क कायम गरी अध्ययनको उद्देश्यको बारेमा बताइ विद्यालयबाट आवश्यक पर्ने सहयोगका लागि अनुरोध गरियो । प्रधानाध्यापक अनुमति लिई कक्षा अवलोकन पनि गरिएको थियो । साथै व्यवस्थापन समितिको अध्यक्ष एवम् अभिभावकसँग भेट गरी तथ्यांक संकलन गरियो । स्रोतव्यक्तिसँग प्रत्यक्ष सम्पर्क कायम गरी प्रश्नावली समेत भरिएको थियो ।

### ३.७ तथ्यांक विश्लेषण प्रक्रिया

अध्ययन क्षेत्रबाट प्राप्त सूचनालाई शाब्दिक विवरण र प्राप्त प्रश्नावलीको उत्तरको आधारमा विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

## तथ्याङ्क व्याख्या र विश्लेषण

यस अध्ययनमा खुल्ला प्रश्नावली, कक्षा अवलोकन फारम साधनहरूको माध्यमद्वारा तथ्याङ्क संकलनगरी प्राप्त तथ्याङ्कलाई व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ । यस अध्ययनमा पूर्व चितवन स्थित भण्डारा स्रोत केन्द्र अन्तर्गत विद्यालय वनस्पती राष्ट्रिय प्राथमिक विद्यालय दुवीचौरलाई छनोट गरिएको छ । उक्त विद्यालयमा वि.स. २०६६ देखि १०० पूर्णाङ्कको तामाङको मातृभाषाको पाठ्यक्रम प्रयोगमा आएको छ । यस अध्ययनका लागि प्राप्त सूचनाहरूको विश्लेषण र व्याख्या तलका अनुच्छेदहरूमा क्रमबद्ध रुपमा गरिएको छ ।

### ४.१ तामाङ मातृभाषा पाठ्यक्रमको औचित्य

सूचना संकलनको क्रममा प्रधानाध्यापकसँग खुल्ला प्रश्नावलीको आधारमा अन्तरवार्ता लिएको थियो । उक्त खुल्ला प्रश्नावली अनुसूचीमा १ मा राखिएको छ । प्रधानाध्यापकसँग गरिएको प्रश्नावलीबाट प्राप्त सूचना अनुसार यस तामाङ मातृभाषा शिक्षणले बालबालिकाको व्यक्तित्व क्षमताको विकास, अन्तरनिहित प्रतिभा प्रस्फुटनमा सहयोग तथा सिकाई उपलब्धी बढि हुने अपेक्षा गरिएको छ । तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था बारे तथ्याङ्क संकलन गर्न वनस्पती राष्ट्रिय प्राथमिक विद्यालय दुविचौरका प्रधानाध्यापकसँग गरिएको अन्तरवार्ताबाट सूचना संकलन गरिएको थियो । जसको विश्लेषण र व्याख्या निम्न अनुसार प्रस्तुत गरिएको छ । विद्यालयमा तामाङ मातृभाषाको पाठ्यक्रम लागु गरिएको छ । उक्त विषय स्थानीय परिवेश अनुकुल रहेको पाइएको छ । उक्त विद्यालयमा ५१ प्रतिशत भन्दा बढि तामाङ विद्यार्थी भएको र विद्यार्थीहरूले तामाङ मातृभाषा बोल्ने भएकाले तामाङ मातृभाषा पाठ्यक्रम लागु गरिएको जानकारी प्रधानाध्यापकले दिनु भयो । यस मातृभाषा पाठ्यक्रम प्रति अभिभावक तथा बालबालिकाले निकै चासो राखेको उहाँले बताउनु भयो । यस विषयले बालबालिकालाई विद्यालयप्रति आर्कषित गर्ने बालबालिकाको शैक्षिक क्षमताको विकास गर्न, भाषिक क्षमताको विकास गर्न विद्यालयमा घुलमिल हुन सहयोग गर्नाले पनि अभिभावक तथा विद्यार्थीको चासो बढेको बताउनु भयो । जातीय पहिचानका लागि द्वन्द्व हटाउन पनि यो पाठ्क्रमले सहयोग गरेको प्रध्यानाध्यापकले बताउनु भयो । त्यसै गरी पाठ्यसामग्री तथा शैक्षिक सामग्री निर्माणका लागि सम्झौता लिपि प्रतिष्ठान काठमाडौं जिल्ला शिक्षा कार्यालय चितवन, भण्डारा स्रोत केन्द्रका

स्रोतव्यक्तिसँग सहकार्य गरेको पाइयो । स्थानीय स्रोत र साधनलाई परिचालन गर्न प्रोत्साहन गरिएको छ । तामाङ मातृभाषा अध्यापन गराउने शिक्षकलाई तालिममा खटाउन आवश्यक निर्देशन दिइएको छ । तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्थालाई प्रभावकारी बनाउन माथिल्ला निकायहरूको निरन्तर सल्लाह सहयोग एवम् अनुगमन हुन जरुरी छ, भन्ने सुझाव रहेको छ ।

तामाङ मातृभाषाको पाठ्यक्रम प्रयोगको अवस्था अध्ययन गर्ने क्रममा छनोटमा परेको विद्यालयको विषय शिक्षकसँग अन्तरवार्ता लिइएको थियो । खुल्ला प्रश्नावलीको ( अनूसुची २ ) आधारमा लिइएको अन्तरवार्ताबाट प्राप्त सूचनाको व्याख्या एवम् विश्लेषण निम्नानुसार गरिएको छ । विषय शिक्षकसँगको अर्न्तवार्ताबाट प्राप्त भएको जानकारी अनुसार १०० पूर्णाङ्कको तामाङ मातृभाषा विषय पढाई भईरहेको पाइयो । यो विषय वार्षिक योजना तयार नगरी पढाइ गरिएको थियो । तामाङ मातृभाषा विषयको पाठ्यक्रमसँग सम्बन्धित शैक्षिक सामग्रीहरू जस्तै चित्रहरु, शब्दपत्ति निर्माण गरिएको छ । तामाङ मातृभाषा विषयमा विद्यार्थीको बुझाई क्षमता अरु विषय भन्दा बढि भएको विषय शिक्षकले बताउनु भयो । मातृभाषाको विषय प्रति बालबालिकाको रुची भएको र सरल तथा प्रभावकारी ढंगबाट शिक्षण सिकाई सञ्चालन भएकाले यस विषयमा बालबालिकाको बुझाइ क्षमता तथा सिकाई उपलब्धी अन्य विषयको तुलनामा बढि भएको हो । आफ्नो घर टोलमा बोलिने भाषामा नै पठन पाठन भएकाले यो विषयमा विद्यार्थी तथा अभिभावकहरूमा थप रुचि बढेको पाइयो । तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोगका सम्बन्धमा शैक्षिक सामग्री पाठ्यसामग्री निर्माण तथा अन्य समुदायमा बालबालिकालाई उचित व्यवस्थापन गर्न सकिएमा यसलाई थप प्रभावकारी बनाउन सकिने सुझाव छ ।

तामाङ मातृभाषा पाठ्यक्रमको औचित्य सम्बन्धमा स्रोत व्यक्तिसँग कुराकानी तथा खुल्ला प्रश्नावली भरिएको थियो । उक्त प्रश्नावली अनुसूची ३ मा राखिएको छ । स्रोतव्यक्तिसँग भरिएको खुल्ला प्रश्नावलीबाट प्राप्त सूचना अनुसार तामाङ मातृभाषी बालबालिकाहरूलाई विद्यालयमा घुलमिल हुन र विद्यालय छाड्ने प्रवृति कम गरी साक्षरता प्रतिसत बढाउन मातृभाषा पाठ्क्रमको महत्व रहेको छ । भण्डारा स्रोतकेन्द्र अन्तर्गतका आठओटा विद्यालयहरुमा शैक्षिक सत्र २०६७ देखि तामाङ मातृभाषाको पाठ्यक्रम प्रयोगमा रहेको छ । उक्त समूदायमा तामाङ मातृभाषाको बाहुल्यता भएकाले तामाङ मातृभाषा पाठ्यक्रमको औचित्य देखिन्छ ।

तामाङ मातृभाषा पाठ्यक्रमको पूर्णाङ्क १०० र पाठ्यभार ४ प्रतिहप्ता  रहेको छ । स्रोत व्यक्तिका अनुसार तामाङ मातृभाषा शिक्षा गुणस्तरीय शिक्षाको आधार हो । तामाङ भाषा लिपि सँस्कृति परम्पराको संरक्षण गर्ने तथा सबैको लागि शिक्षाको लक्ष्यलाई पुरा गर्ने यो पाठ्यक्रमको महत्व छ । त्यस्तै गरी तामाङ मातृभाषा पाठ्यक्रमको  विषयले स्थानीय आवश्यकता परीपूर्तिमा सहयोग गरेको छ ।  तामाङ मातृभाषा शिक्षणका लागि शिक्षकलाई पाठ्क्रमको अभिमूखीकरण तालिम दिइएको छ । तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगमा शैक्षिक सामग्री निर्माणमा अन्य समुदायका बालबालिकालाई उचित व्यवस्थापन सम्बन्धी कठीनाई देखापरेको छ । यस्तो समस्यालाई समाधान  गर्न सके तामाङ मातृभाषा पाठ्यक्रमको औचित्य अझ बढ्ने छ भन्ने सुझाव रहेको छ ।

अभिभावकहरूसँगको अन्तरवार्ता निर्देशिकाबाट प्राप्त सूचना अनुसार अभिभावक शिक्षा विकासका लागि संरक्षण, सहयोगी तथा लगानीकर्ताका रुपमा रहेका हुन्छन् । उनीहरुको सहयोग बिना सिक्षण सिकाई क्रियाकलाप प्रभावकारी बनाउन सकिदैन । जसको सहयोगमा पाठ्यक्रमको निर्माण तथा प्रयोग गरिन्छ । तसर्थ यस अध्ययनका लागि छनोटमा परेको विद्यालयका केही अभिभावकहरूसँग प्रश्नावलीको आधारमा (अनुसूचि ४)  अन्तरवार्ता गरिएको थियो । उक्त अन्तरवार्ता प्रश्नावलीबाट प्राप्त सूचनाहरुलाई व्याख्या र विश्लेषण गरिएको छ । अभिभावकहरूलाई विद्यालयमा तामाङ मातृभाषाको स्थानीय विषय पढाई  हुनेकुरा थाहा भएपनि त्यस विषय अन्तर्गत पढ्ने विषय वस्तुको बारेमा थाहा नभएको पाइयो । तर केही अभिभाकहरुलाई तामाङ मातृभाषा पढाई हुने कुरा थाहा नभएको पाइयो । तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रमले तामाङ भाषा, लिपि, सँस्कृतिको संरक्षण गर्न सहयोग गर्छ । साथै बालबालिकामा दोस्रो तथा तेस्रो भाषाको भाषिक विकासमा सघाउ पुऱ्याउछ  भन्ने कुरा केही अभिभावकहरूले बताउनु भयो । तामाङ मातृभाषाको पाठ्यक्रम लागु गर्दा विद्यालयले आफूहरूसँग छलफल नगरेको कुरा अभिभावकहरुले बताए । आफ्ना बालबालिकाले मातृभाषा पाठ्यक्रम प्रति चाख देखाएको कुरा बताए । “सुरु सुरुमा चाख देखायो, पछि-पछि बुझ्दैन भन्दै पढ्न छाड्यो” भनेर एक अभिभावकले बताउनु भयो । उहाँहरूका अनुसार यो विषय साना बालबालिका साथै ठूला विद्यार्थीहरूमा (कक्षा ३,४र ५ मा पनि) लागु गर्नु पर्छ भन्ने सुझाव पाइयो । तर केही आभिभावकलाई तामाङ मातृभाषा पढाई हुने कुरा थाहा नभएको पाइयो ।

## ४.२ तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगको अवस्था

तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगको अवस्था पहिचान गर्न प्रधानाध्यापक, शिक्षक, अभिभावक, स्रोत व्यक्ति, अभिभावकसँग प्रश्नावली भरिएको थियो । विद्यार्थीहरू बीच समूह छलफल र कक्षा अवलोकन पनि गरिएको थियो । तामाङ मातृभाषा पाठ्यक्रम लागु भएको छनोटमा परेका विद्यालय वनस्पती राष्ट्रिय प्राथमिक विद्यालय दुविचौर का (कक्षा १ र २) का गरी जम्मा १० जना विद्यार्थीहरूलाई दुईवटा समूह बनाई छलफलमा सहभागी गराइएको थियो भने तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगको अवस्था अध्ययन गर्न कक्षा अवलोकन अन्तर्गत कक्षाकोठाको क्रियाकलाप शैक्षिक सामग्री, शिक्षण विधि, विद्यार्थी सहभागीता जस्ता कुराहरूको अवलोकन गरिएको थियो । उक्त छलफल र अवलोकनबाट प्राप्त तथ्यलाई व्याख्या र विश्लेषण निम्नानुसार गरिएको छ ।

तामाङ मातृभाषाको पाठ्यक्रम स्थानीय तहमा निर्माण नभएको भन्ने कुरा प्रधानाध्यापकसँगको सँगको छलफलबाट थाहा भयो । उक्त पाठ्यक्रम सम्भोटा लिपि एवम् सँस्कृति विकास प्रतिष्ठानद्वारा निर्माण भई लागु भएको पाइयो । जिल्ला शिक्षा कार्यालय चितवनको सहकार्यमा विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गरेको पाइयो । विषय शिक्षकले शब्दपत्ती, चित्रहरू जस्ता शैक्षिक सामग्रीहरूको कक्षाकोठामा प्रयोग गरेको पाइयो । यस्ता चित्रहरूको व्याख्या मात्र गरेको पाइयो । कक्षाकोठाको व्यवस्थापन सम्बन्धमा विद्यार्थीहरूलाई समूह विभाजन गरेको भएतापनि शिक्षण सिकाई क्रममा शिक्षक नै सक्रिय भएको पाइयो ।

तामाङ मातृभाषाको पाठ्यक्रम प्रयोगको अवस्था अध्ययन गर्ने क्रममा छनोटमा परेको विद्यालयको विषय शिक्षकसँग प्रश्नावली भरिएको थियो । खुल्ला प्रश्नावलीको आधारमा लिइएको अन्तरवार्ताबाट प्राप्त सूचनाको व्याख्या एवम् विश्लेषण निम्नानुसार गरिएको छ । विषय शिक्षकसँगको अर्न्तवार्ताबाट प्राप्त भएको जानकारी अनुसार १०० पूर्णाङ्कको तामाङ मातृभाषा विषय पढाई भईरहेको पाइयो । यो विषय वार्षिक योजना तयार नगरी पढाइ गरिएको थियो । तामाङ मातृभाषा विषयको पाठ्यक्रमसँग सम्बन्धित शैक्षिक सामग्रीहरू जस्तै चित्रहरु, शब्दपत्ति निर्माण गरिएको छ । तामाङ मातृभाषा विषयमा विद्यार्थीको बुझाई क्षमता अरु विषय भन्दा बढि भएको विषय शिक्षकले बताउनु भयो । मातृभाषाको विषय प्रति बालबालिकाको रुची भएको र सरल तथा प्रभावकारी ढंगबाट शिक्षण सिकाई सञ्चालन भएकाले यस विषयमा बालबालिकाको बुझाइ क्षमता तथा सिकाई उपलब्धी अन्य विषयको

तुलनामा बढि भएको हो । आफ्नो घर टोलमा बोलिने भाषामा नै पठन पाठन भएकाले यो विषयमा विद्यार्थी तथा अभिभावकहरूमा थप रुचि बढेको वताउनु भयो । तामाङ मातृभाषा शिक्षणका क्रममा लिपि सम्बन्धी समस्या देखिएको पाइयो । शिक्षकमा समेत सम्भोटा लिपि सम्बन्धि ज्ञानको कमिले बालबालिबाहरूलाई लेखाईमा निकै समस्या देखा परेको छ । तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोगका सम्बन्धमा शैक्षिक सामग्री पाठ्यसामग्री निर्माण तथा अन्य समुदायमा बालबालिकालाई उचित व्यवस्थापन गर्न सकिएमा यसलाई थप प्रभावकारी बनाउन सकिने सुझाव छ ।

तामाङ मातृभाषा पाठ्यक्रमको औचित्य सम्बन्धमा स्रोत व्यक्तिसँग कुराकानी तथा खुल्ला प्रश्नावली भरिएको थियो । भण्डारा स्रोतकेन्द्र अन्तर्गतका आठओटा विद्यालयहरुमा शैक्षिक सत्र २०६७ देखि तामाङ मातृभाषाको पाठ्यक्रम प्रयोगमा रहेको वताउनु भयो । तामाङ मातृभाषा पाठ्यक्रमको पूर्णाङ्क १०० र पाठ्यभार ४ प्रतिहप्ता रहेको छ । त्यस्तै गरी तामाङ मातृभाषा पाठ्यक्रमको विषयले स्थानीय आवश्यकता परीपूर्तिमा सहयोग गरेको पाइयो । तामाङ मातृभाषा शिक्षणका लागि शिक्षकलाई पाठ्क्रमको अभिमूखीकरण तालिम दिइएको वताउनु भयो ।

अध्ययनका लागि छनोटमा परेको विद्यालयका केही अभिभावकहरूसँग प्रश्नावलीको आधारमा अन्तरवार्ता गरिएको थियो । उक्त अन्तरवार्ता प्रश्नावलीबाट प्राप्त सूचनाहरुलाई व्याख्या र विश्लेषण गरिएको छ । अभिभावकहरूलाई विद्यालयमा तामाङ मातृभाषाको स्थानीय विषय पढाई हुनेकुरा थाहा भएपनि त्यस विषय अन्तर्गत पढ्ने विषय वस्तुको बारेमा थाहा नभएको पाइयो । तर केही अभिभाकहरुलाई तामाङ मातृभाषा पढाई हुने कुरा थाहा नभएको पाइयो । तामाङ मातृभाषा पाठ्यक्रमले बालबालिकामा दोस्रो तथा तेस्रो भाषाको भाषिक विकासमा सघाउ पुऱ्याउछ भन्ने कुरा केही अभिभावकहरूले बताउनु भयो । तामाङ मातृभाषाको पाठ्यक्रम लागु गर्दा विद्यालयले आफूहरूसँग छलफल नगरेको कुरा अभिभावकहरुले बताए । आफ्ना बालबालिकाले मातृभाषा पाठ्यक्रम प्रति चाख देखाएको कुरा बताए । अभिभावकहरूका अनुसार यो विषय साना बालबालिका साथै ठूला विद्यार्थीहरूमा (कक्षा ३,४र ५ मा पनि) लागु गर्नु पर्छ भन्ने सुझाव पाइयो ।

स्थानीय तामाङ मातृभाषाको पाठ्यक्रमको प्रयोगको अवस्था अध्ययनका लागि छनौटमा परेका विद्यालयको कक्षा अवलोकनमा विद्यालय प्रशासनका अनुमति लिई सोधकर्ता आफै सहभागी

भएको थियो । उक्त विद्यालयको कक्षा १ को कक्षा अवलोकनबाट अवलोकन सूची अनुरुप (अनुसूची ५) प्राप्त सूचनाहरूलाई निम्नानुसार विश्लेषण र व्याख्या गरिएको छ ।

**'व्यञ्जन वर्ण' पाठको शिक्षण अवस्था**

| शिक्षण तयारी अवस्था | शिक्षण विधिको प्रयोग | शिक्षण सामग्री | शिक्षण सिकाई क्रियाकलाप | विद्यार्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| पठयोजना नबनाएको<br><br>विद्यार्थीहरुको ध्यानाकर्षण गरिएको<br><br>पूर्वपाठको पुनरावलोकन गरिएको<br><br>शिक्षण सामग्री निमार्ण गरीएको | प्रदर्शन | वर्ण चार्ट<br>वर्ण पत्ति | वर्णचार्ट प्रदर्शन गर्दै लय हालेर वाचन गरेको ।<br><br>वर्ण पत्ती देखाउदै कुन व्यञ्जन वर्ण हो भन्दै चिन्न लगाएको<br><br>वर्णचार्ट देखाउदै लय हालेर वाचन गराएको<br>गृहकार्य दिइएको । | विद्यार्थी उत्सुक भएर सुनेको ।<br><br>शिक्षक सँग सँगै लय हालेर गायको<br><br>नजानेका कुरा शिक्षकलाई सोधेको । |

कक्षा १ को शिक्षणको विषयवस्तु व्यञ्जन वर्ण रहेको थियो । मातृभाषाको विषय शिक्षकले उक्त पाठ पढाउन व्यञ्जनवर्ण चार्ट र वर्ण पत्ति लिएर कक्षाकोठामा प्रवेश गर्दा विद्यार्थीहरू निकै उत्सुकतापूर्वक प्रस्तुत भएका देखिन्थे । शिक्षकद्वारा पाठयोजना निर्माण नगरीकन शिक्षण गरेको कुरा थाहा भयो । शिक्षकद्वारा व्यञ्जन वर्ण चाट प्रदर्शन गर्दे लय हालेर वर्ण वाचन गर्दा विद्यार्थीहरू उत्साहिक भएको देखिथ्यो । शिक्षण सिकाईका क्रममा अन्य समूदायका बालबालिकाले त्यति चासो दिएको पाइएन । विषय शिक्षकले कक्षाकोठा व्यवस्थापन गर्न

नसकेको सबै विद्यार्थीहरूलाई छलफलमा सहभागी गराउन नसकेको देख्दा शिक्षक पुर्नताजकी तालिमको अभाव भएको प्रभाव देखिन्थ्यो ।

**"स्थानीय बाजा" पाठको शिक्षण अवस्था"**

| शिक्षण तयारी अवस्था | शिक्षण विधिको प्रयोग | शिक्षण सामग्री | शिक्षण सिकाई क्रियाकलाप | विद्यर्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| पाठयोजना नवनाएको<br><br>विद्यार्थीहरूको ध्यानकर्षण गरिएको<br><br>पूर्व पाठको पुनरावलोकन नगरिएको<br><br>शिक्षण सामग्री बनाइएको | प्रदर्शन<br><br>व्याख्या | चित्रहरू | स्थानीय बाजाको नाम भन्दै कालो पाटिमा लेखेको ।<br><br>बाजाको चित्र देखाउदै बाजाहरूको नाम भन्न लगाएको<br><br>गृहकार्य दिइएको | बजाहरूको चित्र उत्सुकताका साथ हेरेका<br><br>छलफलमा भाग लिएको<br><br>नबुझेको कुरा शिक्षकलाई सोधेको |

त्यस्तै कक्षा १ को स्थानीय बाजाहरू शीर्षक पाठको कक्षा अवलोकन गरिएको थियो । तामाङ मातृभाषा विषय शिक्षक पाठयोजना विना नै कक्षाकोठामा प्रवेश गरेको र स्थानीय बाजाका चित्रहरू प्रदर्शन गर्दा विद्यार्थीहरू उत्सुक भएको पाइयो । पूर्व पाठको पुनरावलोकन नगरीकन शिक्षण कार्य गरीएको पाइयो । विद्यार्थीहरूलाई छलफलमा सहभागी गराउने प्रयास गरीएको पाइयो । शिक्षण सामग्रीको रुपमा चित्रहरू मात्र प्रयोग गरीएको थियो । विद्यार्थीहरूलाई चित्रदेखाउदै बाजाको नाम भन्न लगाइएको थियो ।विद्यार्थीहरूले छलफलमा भाग लिएका थिए । शिक्षकले बाजाको चित्र देखाउदै कालोपाटीमा नाम लेखेका थिए । शिक्षणका क्रममा शिक्षकले नेपाली भाषाको पनि प्रयोग गरेको पाइयो । विद्यार्थीहरूले नबुझेका कुराहरू शिक्षकसँग सोधेका थिए । अभिभावकसँगको छलफलबाट के देखियो भने तामाङ भाषा विषयले विद्यार्थीलाई नेपाली

भाषा सिक्न सहज वनाएको पाइयो । विद्यार्थीहरूलाई दिइएको गृहकार्यमा अभिभावकसँग कुरा गरेको पाइयो । तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोग अवस्था अध्ययन गर्न छनोटमा परेको विद्यालयको अवलोकन गरिएको थियो । विद्यालय प्रशासनको अनुमति लिई उक्त विद्यालयको कक्षा २ को कक्षाकोठा क्रियाकलाप अवलोकन गरिएको थियो । उक्त अवलोकनबाट प्राप्त सूचनाको विश्लेषण र व्याख्या निम्नानुसार गरिएको छ ।

**स्थानीय सङ्घ संस्था "गुम्वा" पाठको शिक्षण अवस्था**

| शिक्षण तयारी अवस्था | शिक्षण विधिको प्रयोग | शिक्षण सामग्री | शिक्षण सिकाई क्रियाकलाप | विद्यर्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| पाठयोजना नवनाएको<br><br>विद्यार्थीहरुको ध्यानकर्षण गरिएको<br><br>पूर्वपाठको पुनरावलोकन नगरिएको<br><br>शिक्षण सामग्री निर्माण गरिएको | व्याख्यान<br>छलफल<br>प्रदर्शन | चित्रपत्ती<br>शब्दपत्ती | पूर्व पाठको पुनरावलोन गर्दै शीर्षक कालो पाटीमा लेखिएको<br><br>चित्रहरु प्रदर्शन गर्दै के को चित्र हो? भनी सोधिएको ।<br><br>पाठको बारेमा विस्तृत छलफल, व्याख्या गरेको<br><br>प्रश्नोत्तर माध्यमबाट बुझे-नबेझेको मूल्याङ्कन गरिएको<br><br>गृहकार्य दिइएको | ध्यान पूर्वक सुनेको<br><br>छलफलमा सक्रियता नदेखाएको<br><br>चित्र प्रदर्शनमा उत्सुक भएको<br><br>नबुझेको कुरा शिक्षकलाई सोधेको |

उक्त कक्षा २ को कक्षा शिक्षणको विषय वस्तु स्थानीय सङ्घ-संस्थाको परिचय गुम्बा रहेको थियो । विषय शिक्षक विना पाठयोजना, प्रयाप्त शैक्षिक सामग्री नलिएर कक्षाकोठामा प्रवेश गरेको पाइयो । गुम्बाको चित्र प्रदर्शन गरि व्याख्यान विधि प्रयोग गर्दै छलफलका लागि विद्यार्थीहरूलाई सहभागी गराइएको थियो ।

कक्षाकोठामा तामाङ भाषाको साथै नेपाली भाषाको पनि प्रयोग गरिएको थियो । यस बारे शिक्षकसँग जिज्ञासा राख्दा अन्य समूहका बालबालिका भएकाले नेपाली भाषाको पनि प्रयोग गरिएको उहाँले बताउनु भयो ।

**"शब्द चिनारी" शीर्षक पाठको शिक्षण अवस्था**

| शिक्षण तयारी अवस्था | शिक्षण विधिको छनोट | शिक्षण सामग्री | शिक्षण सिकाई क्रियाकलाप | विद्यार्थी प्रतिक्रिया |
|---|---|---|---|---|
| पाठ योजना नबनाएको<br><br>विद्यार्थी ध्यानकर्षण गरिएको<br><br>पूर्व पाठको पुनरावलोकन नगरिएको<br><br>प्रयाप्त शिक्षण सामग्रीको अभाव | प्रदर्शन<br>छलफल | चित्र पत्ती<br><br>शब्द पत्ति<br><br>वर्ण पत्ति | चित्रको प्रदर्शन गरी चित्रको नाम भन्न लगाइएको<br><br>शब्दपत्ति प्रदर्शन गर्दै चित्रको नाम पढ्न र लेख्न लगाइको<br><br>बिच-बिचमा मूल्याङ्कन गर्दै पृष्ठपोषण प्रदान गरिएको<br>गृहकार्य दिइएको | चित्र प्रदर्शन गर्दा सिकाई प्रति उत्प्रेरित भएको<br><br>छलफलमा सक्रियता देखाएको<br><br>अन्य समुदायका बालबालिकाले चासो नदेखाएको |

कक्षा २ को कक्षा शिक्षकले विषयवस्तु "शब्दचिनारी" दुई वा तीन अक्षरको रहेको थियो । कक्षाकोठामा मातृभाषाको विषय शिक्षकले पाठयोजना नबनाई प्रदर्शन, छलफल विधिबाट उद्देश्य प्राप्त गर्ने खोजेको थियो । चित्र-पत्तिलाई शिक्षण सामग्रीको रुपमा प्रयोग गरेको पाइयो । मातृभाषाको विषय शिक्षकले उक्त पाठमा विभिन्न सिकाई क्रियाकलाप गरेको पाइयो । चित्र प्रदर्शन गरी नाम भन्न चित्रको लगाइरहेको थियो । विद्यार्थीहरूले उत्साहित हुदै नाम भनेका थिए । शब्दपत्तीको प्रर्दशन गर्दै चित्रको नाम पढ्न र लेख्न लगाइएको थियो । विद्यार्थीहरूको प्रतिक्रियालाई ध्यान दिदै विषय शिक्षकले पृष्ठपोषण समेत प्रदान गरेको पाइयो । तर अन्य

समूदायका बालबालिकाले खासै चासो देखाएको पाइएन । कक्षा शिक्षण क्रममा तामाङ तथा नेपाली भाषाको प्रयोग गरीएको थियो ।

## ४.३ सरोकारवालाहरूको भूमिका

यस अध्ययनमा स्रोत व्यक्ति, प्रधानाध्यापक, विषय शिक्षक, अभिभावक तथा विद्यार्थीलाई सरोकारवालको रुपमा लिइएको छ । अन्तवार्ता, प्रश्नावली, विद्यार्थीहरू सँगको छलफल, कक्षा अवलोकन र लिखित दस्तावेजको आधारमा सरोकारवालाहरूको भूमिका पहिचान गरिएको छ । मातृभाषा पाठ्यक्रम प्रयोगका सर्न्दभमा सरोकारवालाले गरेका भूमिकालाई निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ ।

### ४.३.१ स्रोत व्यक्तिको भूमिका

| गर्नुपर्ने | गरेको | नगरेको |
|---|---|---|
| १) पाठ्यक्रम निर्माणमा सहभागी | | |
| २) तामाङ मातृभाषा पाठ्यक्रम प्रयोग सम्बन्धमा सल्लाह प्रदान | | |
| ३) कक्षा अवलोकन, विद्यालय अनुगमन | | |
| ४) तालिमको समन्वय गर्ने | | |
| ५) पाठ्यक्रमको प्रयोगका लागि योजना निर्माण छलफल गर्ने | | |

स्रोत व्यक्तिलाई विद्यालय र जिल्ला शिक्षा कार्यालयको समन्वयनकर्ताको रुपमा लिइन्छ । स्रोत केन्द्रको प्रमूख पदमा रहन्छन् । स्रोत व्यक्तिले तामाङ मातृभाषा पाठ्यक्रम निर्माण सम्बन्धी सर-सल्लाह प्रदान गरेको पाइदैन । मातृभाषा पाठ्यक्रम निर्माणमा सहभागी भएको देखिदैन पाठ्यक्रमको प्रयोगका लागि योजना निर्माण सम्बन्धि सर-सल्लाह प्रदान गरेको पाइन्छ । विषय शिक्षकका लागि अभिमुखिकरण तालिमको समन्वय जिल्ला शिक्षा कार्यालयसँग गरेको पाइन्छ, तर पुनर्ताजकी तालिम प्रदान नगरेको देखिन्छ । स्रोत व्यक्तिद्वारा विद्यालयलाई अनुगमन तथा कक्षाअवलोकन न्यून मात्रमा गरेको देखिन्छ । विषय शिक्षकले तालिममा सिकेको कुरा कक्षाकोठामा प्रयोग गरे नगरेको, विद्यालयमा त्यसको प्रभाव परे नपरेको, विद्यालयका

समस्याहरू समाधान गर्न पटक-पटक विद्यालय अनुगमन तथा कक्षा अवलोकन कार्यगर्नुपर्ने देखिन्छ ।

### ४.३.२ प्रधानाध्यापकको भूमिका

| गर्नुपर्ने | गरेको | नगरेको |
|---|---|---|
| १) विषय विज्ञ, स्रोत व्यक्ति, शिक्षक, अभिभावकसँग छलफल | | |
| २) पाठ्यक्रम निर्माणमा सहभागी | | |
| ३) पाठ्यक्रम प्रयोगमा योजना निर्माण, कार्यन्वयन | | |
| ४) जिल्ला शिक्षा कार्यालय स्रोत केन्द्र, अन्य संघसंस्थाबाट सहयोग प्राप्तीको वातावरण तयार गर्ने | | |
| ५) वार्षिक कार्य तालिका निर्माण | | |
| ६) विद्यालयको शिक्षक कर्मचारीसँग समन्वय गरी शिक्षक विद्यार्थी कर्मचारी, अभिभावकहरू बिच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने | | |
| ७) शिक्षकलाई निर्देशन दिन, तालिममा पठाउने | | |
| ८) तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोग गरे नगरेको निरन्तर अनुगमन गर्ने | | |

प्रधानाध्यापक विद्यालयका नेतृत्वकर्ता हुन । मातृभाषा पाठ्यक्रम निर्माणका सन्र्दभमा विषय विज्ञ स्रोत व्यक्ति, शिक्षक, अभिभावकसँग छलफल गरेको देखिदैन । पाठ्यक्रम निर्माणमा सहभागी भएको देखिदैन तामाङ मातृभाषा पाठ्यक्रम सम्भोटा लिपि एवम् सँस्कृति विकास प्रतिष्ठानद्वारा निर्माण भएको पाइएको छ । उक्त पाठ्यकम प्रयोगका सन्दर्भमा विषय विज्ञ, स्रोत व्यक्ति, प्रधानाध्यापक, शिक्षक, अभिभावकहरू सहितको सर्वव्यापक, भेला, छलफल भएको पाइदैन तरपनि प्रधानाध्यापक ले व्यैयक्तिक रुपमा विषय विज्ञ, स्रोत व्यक्ति, शिक्षक अभिभावकसँग छलफल गरेको देखिन्छ । पाठ्यक्रम प्रयोगमा योजना निर्माण गरेको देखिन्छ तर विद्यालयको वार्षिक कार्य तालिका निर्माण नगरेको पाइयो । प्रधानाध्यापकले विद्यालयको शिक्षक कर्मचारीसँग समन्वय गरी शिक्षक विद्यार्थी, कर्मचारी, अभिभावक बीच पारस्परिक

सहयोगको वातावरण सिर्जना गर्ने प्रयास गरेको देखिन्छ । शिक्षकलाई निर्देशन दिने तालिममा पठाउने गरेको देखिन्छ । शिक्षकद्वारा तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोग गरे नगरेको अनुगमन नगरेको पाइयो ।

### ४.३.३ शिक्षकको भूमिका

| गर्नुपर्ने | गरेको | नगरेको |
|---|---|---|
| १) पाठ्यक्रम निर्माणमा सहभागी | | |
| २) विषयगत कार्य योजना निर्माण | | |
| ३) पाठयोजना/एकाई योजना निर्माण | | |
| ४) शैक्षिक सामग्री प्रयोग | | |
| ५) शिक्षण सिकाइ क्रियाकलाप | | |
| ६) मूल्याङ्कन, पृष्ठपोषण प्रदान | | |
| ७) गृहकार्य प्रदान | | |
| ८) कमजोर बालबालिकाको सुधारका लागि योजना निर्माण | | |
| ९) अभिभावकसँग भेटघाट | | |

शिक्षक विद्यार्थीका सहजकर्ता हुन् । तामाङ मातृभाषा पाठ्यक्रमको निर्माणमा विषय शिक्षक सहभागी भएको पाइएन । शिक्षकले विषयगत वार्षिक कार्ययोजना निर्माण गरेको पाइएन । प्रत्येक पाठ शीर्षकमा पाठयोजना बनाएको पाइएन । शैक्षिक सामग्री जस्तै शब्दपत्ती, चित्रहरू निर्माण गरेको पाइयो । यस्ता सामग्रीहरूको कक्षाकोठामा प्रयोग गरेको पाइयो । खेल विधि प्रयोग गरी शिक्षण सिकाई क्रियाकलाप गरेको पाइयो । बालबालिकालाई प्रश्न सोधेर गृहकार्य, कक्षाकार्य, अनुशासन आदिलाई आधार मानेर निरन्तर मूल्याङ्कन प्रक्रिया गरेको पाइयो । कमजोर बालबालिकाको सुधारको लागि छुटै योजना निर्माण गरेको पाइएन । अभिभावक हरूसँगको भेटघाट, अतिरिक्त कक्षा सञ्चालन जस्ता भूमिका गरेको पाइएन ।

### ४.३.४ अभिभावकको भूमिका

| गर्नुपर्ने | गरेको | नगरेको |
|---|---|---|
| \|समूदायको आवश्यकताको बारेमा शिक्षक प्रधानाध्यापक तथा विज्ञलाई जानकारी दिने | | |
| पाठ्क्रम निर्माणमा सहभागी हुने | | |
| बालबालिकालाई विद्यायल पठाउने | | |
| विद्यालय जानका लागि आधारभूत आवश्यकता परिपूर्ति गर्ने | | |
| समूदायको आवश्यकता अनुसार पाठ्यक्रम प्रयोग गर्न प्रधानाध्यापक शिक्षकलाई सल्लाह प्रदान गर्ने । | | |
| बालबालिकाले गृहकार्य गरे नगरेको विचार पुऱ्याउने | | |
| नगरेमा शिक्षक, प्रधानाध्यापकसँग  भेटघाट गर्ने | | |
| विद्यालयले निर्माण गरेको शैक्षिक योजनालाई प्रयोगमा सहयोग गर्ने | | |

अभिभावकहरूलाई शिक्षा विकासका लागि संरक्षण, सहयोगी तथा लगानी कर्ताका रुपमा लिइन्छ । अभिभावकहरूले आफ्ना बालबालिकाहरूलाई विद्यालयमा पठाउने गरेको पाइएको छ । समूदायको आवश्यकताको बारेमा शिक्षक, प्रधानाध्यापक तथा बताएको पाइएको छ । तर पाठ्यक्रम निर्माण प्रक्रियामा सहभागी भएको पाइएन । किनकी यस पाठ्यक्रम सम्भोटा लिपि एवम् सँस्कृति विकास प्रज्ञा प्रतिष्ठान काठमाडौंबाट निर्माण भएको  पाइएको छ र साथै सम्पूर्ण समूदायमा बसोबास गर्ने केही अभिभावकहरूबाट आफ्नो बालबालिकाले गृहकार्य गरे नगरेको विद्यालयमा भइएका शैक्षिक क्रियाकलाप चासो राखेको पाइयो । धेरै जसो अभिभावकहरूलाई आफ्नो बालबालिकाले गृहकार्य गरे नगरेको, विद्यालयमा भइगरेको शैक्षिक क्रियाकलाप प्रति त्यती चासो राखेको पाइएन । आफ्ना बालबालिकाहरूको बारेमा शिक्षक प्रधानाध्यापकसँग भेटघाट कुराकानी गरेको पाइएन । विद्यालयको निर्माण गरेका शैक्षिक योजनाहरूलाई प्रयोगका क्रममा सहयोग गरेको पाइएन, तर समूदायका केही अभिभावकहरूले सहयोग नगर्ने गरेको बताए ।

### ४.३.५ विद्यार्थीको भुमिका

| गर्नुपर्ने | गरेको | नगरेको |
|---|---|---|
| शिक्षण सिकाई क्रियाकलापमा सहभागी हुने | | |
| नजानेको विषय वस्तु शिक्षकसँग सोध्ने | | |
| गृहकार्य गर्ने | | |

विद्यार्थीहरू तामाङ मातृभाषाको विषय प्रति निकै उत्सुक भएको पाइयो । कक्षाकोठामा ध्यान दिएर सुन्ने, शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुने र नजानेको कुरा शिक्षक सामु सोध्ने गरेको पाईएको छ । तर लिपि सिकाइमा भने समस्या देखिएको छ । सम्भोटा लिपि सिकाइमा अप्ठयारो महशुस गरेको पाइयो । शिक्षण सिकाइ क्रियाकलापमा केही विद्यार्थीहरू सहभागी भएको देखिन्थे भने केही विद्यार्थीहरू न्यून सहभागी भएको पाइयो । शिक्षण सिकाइ क्रियाकलापमा सहभागी हुने सन्दर्भमा शिक्षण विधिले पनि प्रभाव पारेको देखियो । व्याख्यान विधिबाट शिक्षण गर्दा बालबालिकाहरूको सहभागीता न्यून देखियो भने प्रदर्शन, छलफल विधि प्रयोग गर्दा बालबालिकाको सहभागीता उच्च देखियो ।

### ४.४ मातृभाषा पाठ्यक्रम विषयको प्रयोगमा देखा परेका समस्याहरू

तामाङ मातृभाषा पाठ्यक्रम विषयको प्रयोगको अवस्थाबारे माथिका अनुच्छेदहरूमा उल्लेख गरिसकेको छ । तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था सम्बन्धमा प्रधानाध्यापक शिक्षक, अभिभावक तथा स्रोत व्यक्तिलाई प्रश्नावली गराइएको थियो । त्यस्तै कक्षा अवलोकन, विद्यार्थी सँगको छलफलका क्रममा उहाँहरूबाट उल्लेख गरीएका समस्याहरूलाई निम्नानुसार उल्लेख गरिएको छ ।

क) समुदायमा मातृभाषा पाठ्यक्रमको परिचय गराउन आवश्यक चेतनामूलक सामग्रीको अभाव रहेको देखियो ।

ख) तमाङ भाषाको पाठ्यक्रम शिक्षण सिकाइका क्रममा शिक्षकहरुमा लिपि सम्बन्धि ज्ञानको कमी रहेको पाइयो ।

ग) शिक्षकद्वारा शिक्षण गर्ने सन्दर्भमा तामाङ भाषा सम्बन्धि आवश्यक पर्ने सन्दर्भ सामग्रीको अभाव देखा परेको छ ।

घ) कक्षाकोठामा मिश्रित जनजाति, भाषाभाषिका बालबालिका भएकाले कक्षा शिक्षणको क्रममा व्यवस्थापन सम्बन्धि समस्या देखा परेको छ ।

ङ) तामाङ मातृभाषाको विषय शिक्षण गर्दा नयाँ - नयाँ शब्द, पदावली निर्माण गर्नुपर्ने देखिएको छ । जुन शब्द, पदावली तामाङ भाषामा पाइदैन । त्यसैले शब्द, पदावली सम्बन्धि समस्या देखिएको छ ।

च) तामाङ मातृभाषा विषयसंग सम्बन्धित शैक्षिक सामग्री नभएको र निर्माण गर्न पनि शिक्षक निर्देशिकामा समेत उल्लेख नभएकाले शैक्षिक सामग्री निर्माणमा समस्या देखा परेको छ ।

छ) अन्य समूदायका मानिसहरूलाई तामाङ भाषा प्रति रुचि नै नभएको र चासो पनि नदेखाएको पाइयो ।

ज) तामाङ मातृभाषा पाठ्यक्रम अध्यापन गर्ने शिक्षकले तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोगमा नल्याएको देखियो ।

## ४.५ तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगमा देखापरेका समस्या समाधानका उपायहरू :

क) समूदायका अभिभावकहरूलाई तामाङ मातृभाषाको महत्व दर्शाउन अभिभावकहरूको भेला गराई व्यापक छलफल गर्ने । स्रोत व्यक्ति, प्रधानाध्यापक, शिक्षक समाजसेवी, शिक्षाविद बिच समन्वय गरी सचेतना सामग्रीको निर्माण गर्ने ।

ख) तामाङ मातृभाषाको शिक्षण गर्ने शिक्षकमा सम्भोटा लिपि सम्बन्धि ज्ञानको कमी भएकाले लिपि सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्छ । यसका लागि स्रोत केन्द्र र जिल्ला शिक्षाकार्यालयसंग प्रधानाध्यापकले सहकार्यगर्ने

ग) तामाङ मातृभाषा शिक्षण गर्ने सन्दर्भमा आवश्यक परेका सन्दर्भ सामग्री, पाठ्य सामग्री व्यवस्था गर्न जिल्ला शिक्षा कार्यालय, तामाङ भाषाविद, नेपाल तामाङ घेदुङ, सम्भोटा प्रतिष्ठान केन्द्र जस्ता संस्थाहरूसंग समन्वय गर्ने ।

घ) कक्षाकोठामा मिश्रित जातजाति, भाषाभाषिका बालबालिका भएकोले कक्षा शिक्षणको क्रममा विषय शिक्षकले अन्य समुदायका बालबालिकालाई तामाङ भाषा प्रति उत्प्रेरीत गर्दै समुह विभाजन गरी मनोवैज्ञानिक ढंगबाट शिक्षण गर्ने ।

ङ)	तामाङ मातृभाषाको विषय शिक्षण गर्दा देखापरेको पदावली तथा शब्द सम्बन्धि समस्या समाधान गर्न तथा उद्देश्य, शैक्षिक सामग्री, सिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन, गृहकार्य जस्ता कुराहरु उल्लेख गरिएको शिक्षक निर्देशिका निर्माण गर्न तामाङ भाषा बिच शिक्षाविद बिच छलफल अर्न्तक्रिया गराउने ।

च)	तामाङ मातृभाषा पाठ्यक्रम अध्यापन गर्ने शिक्षकले तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोगमा नल्याएकाले सम्बन्धित निकायले निरन्तर रुपमा अनुगमन, मूल्याङ्कन गर्नुपर्छ ।

छ)	व्यापक रुपमा मातृभाषा पाठ्यक्रमका बारेमा प्रवोधीकरण तथा सचेतना सम्बन्धित कार्यक्रम सञ्चालन  गरी स्थानीय निकायलाई पूर्व तयारी गर्ने ।

ज)	स्थानीय निकायलाई मातृभाषा पाठ्यक्रम प्रयोगका लागि जिम्मेवार बनाउन प्रचलित ऐन, कानुनमा सुधार गर्ने, प्रयाप्त अधिकार दिने ।

झ)	राष्ट्रिय तथा अर्न्तराष्ट्रिय ज्ञान, सिपसँग स्थानीकय ज्ञान सिप तथा प्रविधिको अनुकुलता गर्दै जाने

# परिच्छेद पाँच

## प्राप्ती, निष्कर्ष र सुझाव

यो अध्ययन तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोग अवस्था अर्न्तगत मातृभाषा पाठ्यक्रमको औचित्य, सरोकारवालाहरूको भूमिका, पाठ्यक्रम प्रयोगसंग सम्बन्धित प्रक्रिया शिक्षण विधि, शैक्षिक सामग्री, शिक्षण सिकाई क्रियाकलाप, कक्षा शिक्षण मूल्याङ्कन प्रणाली, पाठ्यक्रम पाठ्यपुस्तकको उपलब्धता, पठ्यक्रम प्रयोगमा देखिएका समस्याहरू जस्ता पक्षहरूसँग सम्बन्धित रहेको थियो । अनुसन्धान कार्य संचालनका क्रममा यो विषयको अनुसन्धान कर्ताले गहन अध्ययन गरेको थियो । साथै यस विषयसंग प्रत्यक्ष र अप्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरू शिक्षक, प्रधानाध्यापक स्रोत व्यक्ति, अभिभावक, विद्यार्थी सँग खुल्ला प्रश्नावली, अर्न्तवाता, छलफल गरिएको थियो । कक्षा अवलोकन पनि गरिएको थियो । यसरी प्राप्त सुचनाहरू व्याख्या र विश्लेषण गरी अध्ययन बाट प्राप्त मूख्य तत्वहरूलाई निम्नलिखित रुपमा उल्लेख गरिएको छ ।

### ५.१ प्राप्ति

१) कक्षाकोठामा तामाङ मातृभाषी बालबालिकाको बाहुल्यता रहेको पाइयो ।

२) तामाङ मातृभाषा पाठ्यक्रम स्थानीय रुपमा निर्माण नभएको पाइयो ।

३) सिंह बहादुर तामाङ योञ्जनद्वारा लिखित सम्भोटा प्रा.लि द्वारा प्रकाशित पुस्तक "तामाङ भषा कक्षा १" र " तामाङ भाषा कक्षा २" प्रयोगमा रहेको पाइयो ।

४) तामाङ मातृभाषा पाठ्यक्रम लागु हुनु पूर्व व्यवस्थापन समितिमा छलफल गरिएको र शिक्षकलाई अभिमुखिकरण तालिम प्रदान गरिएको पाइयो ।

५) तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगको सन्दर्भमा जिल्ला शिक्षा कार्यालय चितवन, नेपाल तामाङ घेदुङ चितवनले सहयोग गरेको पाइयो ।

६) विषय शिक्षकमा तामाङ भाषाको लिपि (सम्भोटा)सम्बन्धि ज्ञानको कमि भएको पाइयो ।

७) अन्य समुदायका बालबालिकालाई उचित व्यवस्थापन नगरिएको पाइयो ।

८) मातृभाषा पाठ्यक्रमको बारेमा व्यापक जनचेतनाको आवश्यकता रहेको पाइयो ।

९) विषय शिक्षकले पाठयोजना निर्माण नगरिकनै शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गरेको पाइयो ।

१०)  शिक्षण सामग्रीको अभाव रहेको पाइयो ।

११)  शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थी सहभागीता गराउन खोजेपनि शिक्षक सक्रिय विधि नै हावी रहेको पाइयो ।

१२)  तामाङ मातृभाषा विषयको शिक्षण सिकाई क्रियाकलापमा विद्यार्थीहरू उत्सुक रहेको पाइयो ।

१३)  विद्यार्थीहरूले नजानेको नबुझेको कुरा शिक्षकसँग सोध्ने गरेको पाइयो ।

१४)  विद्यालयको आर्थिक अवस्था कमजोर रहेको पाइयो ।

१५)  अनुगमन तथा निरिक्षणको अभाव रहेको पाइयो ।

१६)  विद्यालय र अभिभावक बिचको परस्पर सम्बन्धमा कमि रहेको पाइयो ।

## ५.२ निष्कर्ष

- लक्ष्य अनुरुप तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोग गर्न नसकेको देखिन्छ । तामाङ मातृभाषा पाठ्यक्रमको अवधारणा जुन लक्ष्य तथा उदेश्यको साथमा अगाडी आएको हो, सो अवधारणालाई मूर्त रुप दिनको लागि स्रोत व्यक्ति, प्रध्यानध्यापक, विषय शिक्षक, अभिभावक, विद्यार्थीले सोही अनुरुप कार्य गर्नु पर्दछ, भन्ने यस सोधको निष्कर्ष रहेको छ ।
- तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगका लागि स्थानीय अभिभावक, शिक्षाप्रेमी, बुद्धिजिवी लगायत स्थानीय तहका विभिन्न संघ संस्था देखि लिएर जिल्ला तहका विभिन्न संघ संस्थाहरुको पनि महत्वपूर्ण भूमिका रहन सक्छ । त्यसैले पाठ्यक्रम प्रयोगको सन्दर्भमा सबै पक्षको छलफल र अन्तरक्रियालाई बढवा दिदै सबैको सहभागीतालाई विशेष जोड दिनु पर्दछ भन्ने यो साधको निष्कर्ष रहेको छ ।
- तामाङ मातृभाषा विषय शिक्षण गर्ने शिक्षकहरूले वार्षिक तथा दैनिक कार्य याोजना विना नै शिक्षण गर्ने गरेकोले शिक्षण प्रभावकारी देखिएन । तसर्थ विषय शिक्षकले कक्षा शिक्षण गर्नु पूर्व शैक्षणिक तयारीहरू प्रति सचेत हुँदै कक्षा शिक्षण गर्नुपर्दछ भन्ने सोधको निष्कर्ष छ ।
- विषय शिक्षकमा तामाङ भाषाको लिपि (सम्भोटा) सम्बन्धि ज्ञानको अभावले शिक्षण सिकाई क्रियाकलाप प्रभावकारी हुन नसकेको देखिन्छ । त्यसैले प्रभावकारी शिक्षणका

लागि शिक्षक लिपि सम्बन्धि तालिमको व्यवस्था गर्नुपर्छ भन्ने सोधको निष्कर्ष छ। पाठ्यक्रम निर्माणमा विषय शिक्षक, प्रधानाध्यापक सहभागी नभएकाले तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोगमा शिथिलता देखापरेकोछ। त्यसैले यसको प्रभावकारी प्रयोगको लागि मातृभाषा पाठ्यक्रमलाई निर्देशित प्रक्रियाअनुसार प्रयोग गर्नुपर्छ भन्ने सोधको निष्कर्ष रहेको छ।

- कक्षाकोठामा तामाङ मातृभाषी बालबालिकाको बाहुल्यता भएता पनि अन्य समूदायका बालबालिकालाई उचित व्यवस्थापन गर्दै शिक्षणगर्नुपर्छ भन्ने सोधको निष्कर्ष रहेको छ।
- मातृभाषा पाठ्यक्रम प्रयोग सम्बन्धमा शिक्षक, प्रधानाध्यापक अभिभावक, स्रोत व्यक्ति लगायत सरोकारवालाहरुको क्षमता बृद्धिका लागि सघनरुपमा कार्यक्रम सञ्चालन गरिनुपर्ने निष्कर्ष रहेको छ।

## ५.३ सूझाव

प्राप्त तथ्याङ्कको व्याख्या विश्लेषण र अध्ययनबाट उपलब्ध जानकारी आधारमा तामाङ मातृभाषा पाठ्क्रमको प्रयोगलाई प्रभावकारी बनाउन निम्न सुझावहरू प्रस्तुत गरिएको छ।

**नीति निर्माण तह**

- तामाङ भाषा लिपि, धर्म, सँस्कृति तथा उक्त जातिसँग सम्वन्धित परम्पराको संरक्षण, सम्वर्द्धन गर्न, विद्यालयमा घुलमिल हुन, विद्याालय छाड्ने प्रवृत्ति कम गरी साक्षरता प्रतिशत बढाउन तामाङ मातृभाषामा शिक्षाको व्यवस्था गर्नुपर्छ।
- तामाङ मातृभाषा सम्बन्धी प्रयाप्त पाठ्यसामग्री, शिक्षणसामग्री, सन्दर्भ सामाग्रीको व्यवस्था गर्नु पर्छ।
- तामाङ मातृभाषा पाठ्यक्रमलाई निरन्तर अनुगमन, सुपरीवेक्षण गरी पृष्ठपोषण तथा सुझाव प्रदान गर्नुपर्छ ।

**कार्यान्वयन तह**

- हालसम्म तामाङ मातृभाषा अध्यापन गराउँदा विद्यालयमा योजना नै नबनाइएकोले वार्षिक कार्य तालिका, वार्षिक शैक्षिकयोजना, एकाई योजना, दैनिक पाठयोजना निर्माण गरी अध्यापन गराउनु पर्छ।

- विषय विज्ञ, स्रोत व्यक्ति, शिक्षक, अभिभावकसंग तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोग सम्बन्धमा छलफल गराउने ।
- पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका, सन्दर्भ सामग्रीको सहज उपलब्धता नभएकाले समयमै विद्यालयमा प्रयाप्त पाठ्यक्रम, पाठ्यसामग्री, स्रोत-सामग्री पुऱ्याउन पहल गर्नु पर्छ ।
- तामाङ मातृभाषामा अध्यापन गराउने शिक्षकहरूलाई उनीहरूको ज्ञान सिप धारमा अभिवृद्धि गर्ने किसिमको तालिम तथा सेमिनार आयोजना गरिनु पर्छ । तालिममा सिकेका कुरा कक्षाकोठामा प्रयोग गरे नगरेको अनुगमन गरिनु पर्छ ।
- तामाङ मातृभाषामा शिक्षण गर्दा सु-स्पष्ट र प्रभावकारी शिक्षण सामग्रीहरू खास गरेर तामाङ मातृभाषामा पहिचान झल्काउने सामग्री निर्माण गरि शिक्षण गरिनु पर्छ ।
- कमजोर बालबालिकाको सुधारका लागि योजना निर्माण तथा अभिभावकसंग भेटघाट कार्य गर्नुपर्छ ।
- तामाङ मातृभाषा पाठ्यक्रमको प्रयोगमा स्रोत व्यक्ति, प्रधानाध्यापक विषय शिक्षक, अभिभावक, विद्यार्थी बिच समन्वय कायम गर्नुपर्ने देखिन्छ ।

**अनुसन्धान तह**

- तामाङ मातृभाषा पाठ्यक्रम निर्माणमा देखिएका समस्याहरुको अध्ययन गर्न सक्ने छन् ।
- तामाङ मातृभाषा पाठ्यक्रम कार्यन्वयनको प्रभावकारीता अध्ययन गर्न सक्ने छन् ।
- गैर तामाङ मातृभाषा भएमा विद्यार्थीहरुको तामाङ भाषाको पाठ्यक्र प्रतिको रुचि र धारणा विषय सम्बन्धी अध्ययन गर्न सक्ने छन् ।

तामाङ्ग मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था

अनुसूची : १

विद्यालयका प्रधानाध्यापकका लागि तयार पारिएको प्रश्नावली

नाम :

विद्यालय : मिति :

१ तापाईंको विद्यालयमा तामाङ्ग मातृभाषाको स्थानीय पाठ्यक्रम लागु गरिएको छ ?

.........................................................................................................

२ तामाङ्ग मातृभाषा पाठ्यक्रमको प्रयोगका लागि के कस्ता योजनाहरु निर्माण गर्नु भएको छ ?

.........................................................................................................

३. तामाङ मातृभाषा पाठ्यक्रम प्रयोगमा लाग्ने खर्च कसरी जुटाइन्छ ?

.........................................................................................................

३ यसप्रति अभिभावक तथा विद्यार्थीको चासो कस्तो छ ?

.........................................................................................................

४ यो विषय लागु गर्दा र अन्य विषय लागु गर्दा के फरक पाउनुभयो ?

.........................................................................................................

५ तपाईंले तमाङ्ग मातृभाषाको स्थानीय पाठ्यक्रम गर्ने शिक्षकलाई कसरी निर्देशन दिने गर्नुभएकोछ ?

.........................................................................................................

६ स्रोतकेन्द्र/ जिशिकाबाट के कस्तो सहयोग प्राप्त भएको छ ?

.........................................................................................................

७ स्थानीय पाठ्यक्रमको निर्देशिका अनुसार तामाङ मातृभाषाको पाठ्यक्रम कार्यान्वयन गर्नु भएको छ वा छैन ?

.................................................................................................................

८) स्थानीय विषयको पाठ्यक्रम कार्यान्वयनका सम्बन्धमा तपाईको सल्लाह सुझाव भएको छ ?

.................................................................................................................

९) कसरी पठन पाठन गराउनु हुन्छ ?

.................................................................................................................

१०) तामाङ मातृभाषा पाठ्यक्रम कहिलेदेखि लागु गरिएको हो ?

.................................................................................................................

११) समय समयमा परिमार्जन गरिएको छ या छैन ?

.................................................................................................................

१२) विद्यार्थी मूल्यांकन कसरी गर्नु हुन्छ ?

.................................................................................................................

१३) अन्य समुदायका बालबालिकालाई कसरी व्यवस्थापन गर्नु भएको छ ?

.................................................................................................................

तामाङ्ग मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था

अनुसूची: २

स्थानीय विषय अध्यापन गर्ने शिक्षकलाई सोधिने प्रश्नावली

नाम :

विद्यालय : मिति :

१ तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रम विषयको लागि वार्षिक योजना निर्माण गर्नुभएको छ ?

.......................................................................................................

२ तामाङ्ग मातृभाषाको स्थानीय पाठ्यक्रमसँग सम्बन्धित के-कस्ता शिक्षण सामग्री निर्माण गर्नु
भएको छ ?

.......................................................................................................

३ तामाङ्ग मातृभाषाको स्थानीय पाठ्यक्रम निर्माणमा सहभागी हुनुभयो या हुनुभएन ?

.......................................................................................................

४ तामाङ्ग मातृभाषाको स्थानीय पाठ्यक्रमको अभिमुखीकरण तालिम लिनुभएको छ ?

.......................................................................................................

५ तामाङ्ग मातृभाषाको स्थानीय पाठ्यक्रमको विषय अध्यापन गर्दा कुन कुन विधि र कस्ता सामग्रीको प्रयोग गर्नुहुन्छ ?

.......................................................................................................

६ तामाङ्ग मातृभाषाको स्थानीय विषय र राष्ट्रिय पाठ्यक्रम सम्बन्धी विषय अध्यापन गर्दा के फरक पाउनु भयो ?

.......................................................................................................

७ कस्ता विषयवस्तुको अध्ययनमा विद्यार्थीहरुले चाख देखाएका छन् ?

.......................................................................................................

८ विद्यार्थीको मूल्यांकन कसरी गर्नुभएको छ ?

.......................................................................................................

९. तामाङ्ग मातृभाषा विषयमा विद्यार्थीको बुझाइ क्षमता अरु विषय भन्दा कम/बेसी कस्तो पाउनु भएको छ ?

कम हो भने किन ? बेसी हो भने किन ?

१० स्रोतकेन्द्र/जि.वि.श.बाट के कस्तो सहयोग प्राप्त भएको छ ?

..................................................................................................................

११ स्थानीय पाठ्यक्रमको निर्देशिका अनुसार तामाङ मातृभाषाको पाठ्यक्रम प्रयोग गर्नु भएको छ वा छैन ?

..................................................................................................................

१२) स्थानीय विषयको पाठ्यक्रम तथा प्रयोगका सम्बन्धमा तपाईको सल्लाह सुझाव भएको छ ?

..................................................................................................................

१३ . तामाङ्ग मातृभाषाको स्थानीय पाठ्यक्रम अध्यापनमा के कस्ता समस्या देखिएका छन् ? समाधानका लागि के कस्ता पहलहरु गर्नुभएको छ ?

..................................................................................................................

तामाङ्ग मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था

अनुसूची: ४

अभिभावकका लागि सोधिने प्रश्नावली

नाम :

पेशा : मिति :

१. तपाईको नानीहरुले तामाङ् मातृभाषाको स्थानीय विषय पढ्ने कुराको जानकारी पाउनु भएको छ ?

.......................................................................................................

२. त्यस विषय अन्तर्गत के के पढ्दा रहेछन् ?

.......................................................................................................

३ विद्यालय शिक्षामा यस्ता विषय राख्नु कत्तिको सान्दर्भिक ठान्नु हुन्छ ?

.......................................................................................................

४ तपाईका छोराछोरीलाई विद्यालयमा किन पढाउने गर्नु भएको छ ?

.......................................................................................................

५ तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रम लागु गर्दा के विद्यालयले तपाईहरुसँग छलफल गरेको थियो ?

.......................................................................................................

६ यो पाठ्यक्रम लागु गर्नुभन्दा अगाडिको पाठ्यक्रमबाट तपाइँको छोराछोरीले के गर्ने गरेका थिए ? र हाल के गर्दछन् ?

.......................................................................................................

७. तामाङ मातृभाषाको पाठ्यपुस्तक विद्यालयले उपलब्ध गराउने गरेको छ ?

.......................................................................................................

८. तामाङ मातृभाषाको पाठ्यक्रम लागु गर्दा के कस्ता समस्याहरु आइ पर्दछन् ?

.......................................................................................................

९. तामाङ मातृभाषाको पाठ्यक्रम लागु गरेपछि तपाईको छोराछोरीको उपलब्धि के कस्तो छ ?

.......................................................................................................

१० तामाङ मातृभाषा लागु गर्न उपयुक्त ठान्नु भएको छ कि छैन ? र किन ?

.......................................................................................................

११. तामाङ मातृभाषाको स्थानीय पाठ्यक्रमलाई कुनै सल्लाह, सुझाव छन् कि ?

...............................................................................................

तामाङ्ग मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था

अनुसूची : ३

स्रोतव्यक्तिका लागि सोधिने प्रश्नावली

नाम

स्रोतकेन्द्र : मिति :

१. स्थानीय पाठ्यक्रम अन्तर्गत कति वटा विद्यालयमा तामाङ्ग मातृभाषाको स्थानीय पाठ्यक्रम कार्यान्वयनमा छ। ?

.........................................................................................................

२. तामाङ मातृभाषाको पाठ्यक्रम विषयवस्तु कसरी छनोट गर्नुभयो ?

.........................................................................................................

३ यो कति पूर्णाङ्कको विषय हो ? यसको पाठ्यभार कति छ ?

.........................................................................................................

४ तामाङ्ग मातृभाषाको स्थानीय पाठ्यक्रम निर्माण गर्दा को को ? संलग्न हुनुभयो ?

.........................................................................................................

५ पाठ्यक्रम कार्यान्वयनका लागि के कस्ता योजना निर्माण गर्नुभएको थियो ?

.........................................................................................................

६ शैक्षिक सामग्रीहरु निर्माण र कार्यान्वयनमा के कस्ता समस्या देखिएका छन् ?

.........................................................................................................

७ समस्या समाधानका लागि के कस्ता प्रयासहरु भएका छन् ?

.........................................................................................................

८ अन्त्यमा के सुझाव दिन चाहानुहुन्छ ?

.........................................................................................................

तामाङ्ग मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था

अनुसूचीः ५

कक्षाशिक्षण अवलोकन फारम

विद्यालयको नाम :

शिक्षकको नाम :

ठेगाना :

शीर्षक :

| क.सं. | चरण | कैफियत |
|---|---|---|
| 1 | तयारी : | |
| s | पाठयोजना निर्माण गरिएको | |
| v | शिक्षण सामग्रीको निर्माण तथा प्रयोग | |
| 2 | पठनपाठन | |
| क | पूर्व पाठको स्मरण | |
| ख | पाठप्रति जागरण | |
| ग | कक्षा व्यवस्थापन | |
| घ | विषयवस्तुको ज्ञान | |
| ङ | विषय वस्तुको प्रयाप्तता | |
| च | पाठको क्रमिकता/उपयुक्तता/स्तरयुक्तता | |
| छ | प्रश्न उत्तरको उपयुक्तता | |
| ज | कक्ष क्रियाकलापमा विद्यार्थीको सहभागिता | |
| झ | शैक्षिक सामग्रीको प्रयोग | |
| ञ | निर्धारित समयमा शिक्षण क्रियाकलाप पूरा भएको | |
| ३ | मूल्यांकन | |
| क | सामुहिक प्रश्न | |
| ख | व्यक्तिगत उत्तरलाई प्रोत्साहन | |
| ग | पृष्ठपोषण | |
| घ | गृहकार्य | |

तामाङ्ग मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था

अनुसूची: ६

छनोटमा परेका विद्यार्थीहरूको नामावली

वनस्पती राष्ट्रिय प्राथमिक विद्यालय दुविचौर, पिप्ले

| क्र.सं. | विद्यार्थीको नाम |
|---|---|
| १ | सोभा लामा |
| २ | दिक्षा लामा |
| ३ | सङ्गम तामाङ |
| ४ | प्रितम वाइवा |
| ५ | रामबहादुर थिङ |
| ६ | रीजन लामा |
| ७ | पुष्पराज तामाङ |
| ८ | प्रकाश तामाङ |
| ९ | शान्तीमाया मोक्ताङ |
| १० | अमिर वाइवा |

तामाङ्ग मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था

अनुसूची: ७

छनोटमा परेका अभिभावकहरुको नामावली

वनस्पती राष्ट्रिय प्राथमिक विद्यालय दुविचौर, पिप्ले


| क्र.सं. | अभिभावकको नाम |
|---|---|
| १ | रामबहादुर छतकुली |
| २ | राजकुमार लामा |
| ३ | पूर्णबहादुर तामाङ |
| ४ | सुब्वा तामाङ |
| ५ | सर्मिला वाइवा |
| ६ | फुलमाया मोक्ताङ |
| ७ | सिताराम थोक्रा |
| ८ | सुना वाइवा |
| ९ | प्रमिला मोक्ताङ |
| १० | भिमबहादुर लो |

तामाङ्ग मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था

अनुसूची : ८

पाठ्यक्रममा समावेश गरिएको विषयवस्तु

# ཀ་ཁ་ བྲིས་པ་སློབ་གོ




तामाङ्ग मातृभाषा पाठ्यक्रमको प्रयोगको अवस्था

अनुसूची : ९

पाठ्यक्रममा समावेश गरिएको विषयवस्त

སློབ་མཚན་ཕིག།

ལོ་ཚར།



ལོ་ཚར་ཕི་པ་ཚར་སློ་ཡིན་ན། ཙུ་ལྡང་པ་མའི་ན་ཤི་པ་ལེཔ་པ་མའི

ན་ཁ་པ་དུས་ཏ་ལོ་ཚར་པང་མུ་ལ། ལུན་ཏུན་པ་ཤིན་རེང་པ་ཏ་པ་དུས་ཕི

ན། . ཙུ་ཚར་ལོ་རི་ཁྲུ་པ་ཏ་གཡི་ཡི་སི་སངས་རྒྱས་ཏ་མར་མེའི་ཡུལ་སི

ཧྲིམ་ཧྲིམ་རི་དར་ཛུ་ཐན་མུ་ལ། ཧྲིམ་རི་ཚན་ཡོར་སི་ཧྲིན་ཀྱུར་ཏུན་སང

ཕུང་ལ་མུ་ལ། ཙུ་ལྷུག་མའི་ན་ཐེན་པ་གཙུ་མའི་ན་རི་ཏ་མུ་ལ། ཀླུ

ཀིག་ཧྲུང་སི་བྲུ་པ་མའི་ཙ་མུ་ལ་ཙུ་པ་ཙུ་པ་གོན་ཛུ་ཀུ་གོན་མུ་ལ། གོན

ཀུ་ཏང་སི་ཨ་ཞེང་ཨུ་ནི་ཏ་བྲུལ་པ་རི་ཨ་ཞེང་ཨུ་ནི་ལ་ཧྲིམ་རི་ནི་མུ་ལ།

ན་གོན་ལེ་ཛུ་ཀུ་ཏ་ཨ་ཞེང་སེ་རྡོན་རྒྱལ་ཐེན་ཕྲང་ཡིན་མུ་ལ། ཐ་རེང་གྱི

ཀ་ལེ་ཙ་པ་ཛ་ཧྲཱ་ལེ་ཛུ་ཀུ་ཨུ་པ་ཨུ་མ་ཏ་བྲུལ་པ་རི་ཧྲིམ་རི་ཁ་མུ་ལ། ཐ

ང་ཞུག་པ་རང་ལ་ལི་ཛུ་ཀུ་ཏ་ལེབ་པ་རི་ནི་མུ་ལ། རང་ལང་ཕྲུང་མི་ཛུ

ཀྱེམ་སེ་རྡོན་རྒྱལ་ཀིན་མུ་ལ། ཐེ་དུས་རི་ཡི་ཏ་ཏ་མུ་ལ། ཀོ་ལ

ཀུ་ལྷ་ཚན་དང་མུ་ལ། ལྷ་ལྷ་རི་ཏམ་ཕུ་རབ་སི་ཤ་མུ་ལ།

ཀ། དམ་དོ་གོ

༡ ལོ་ཚར་ཕི་པ་ཏིག་ཡིན་ན།

༢ ཁ་ཛི་པ་མའི་ན་རི་ལོ་ཚར་ཁ་མུ་ལ།

༣ ལོ་ཚར་ཁ་པ་དུས་རི་ཏིག་ཏིག་ལ་མུ་ལ།

༤ ཙུ་པ་ཙུ་པ་གོན་གོན་སི་ཁའི་རི་ནི་མུ་ལ།